# विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना

## २०२२ - २०३०

कर्णाली प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत

२०७९

# विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना

## २०२२ - २०३०

(कर्णाली प्रदेश विपद् जोखिम व्यवस्थापन परिषद्को मिति २०७९/३/१४ गतेको बैठकबाट स्वीकृत)

कर्णाली प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

**२०७९**

मा. हिम बहादुर शाही
मन्त्री

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत, नेपाल

# मन्तव्य

भौगोलिक, भौगर्भिक तथा जलवायुको विशेषताका कारण कर्णाली प्रदेश बहुप्रकोपको उच्च जोखिममा रहेको छ। पूर्वाधार र समुदायको संकटासन्नता तथा सामाजिक, आर्थिक संवेदनशीलताका कारण यस प्रदेशको विपदबाट हुने क्षति राष्ट्रिय औषतभन्दा उच्च रहँदै आएको छ। कर्णाली प्रदेशका जनताको विकासको तीव्र आकांक्षालाई सम्बोधन गर्न प्रदेश सरकारले विकास निर्माणका कामलाई तीव्रता दिँदै आएको छ। तर बर्षेनी विपद्का कारण एकातिर जनधनको नोक्सानी बढीरहेको छ भने अर्कोतर्फ तीव्र तथा दिगो विकासको प्रयासमा अवरोध पुगिरहेको छ।

विपद् जोखिम व्यवस्थापनलाई नेपालको संविधानले तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेको छ । संघीय व्यवस्था बमोजिम प्रदेश सरकारको गठनसँगै प्रदेश तहमा विपद् जोखिम व्यवस्थापनको संस्थागत संरचना र नीतिगत तथा कानूनी प्रबन्धलाई बलियो बनाउन कर्णाली विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन (तेश्रो संशोधन) नियमावली, २०७८ कर्णाली प्रदेश विपद् पिडीत आवास निर्माण सहयोग (पहिलो संशोधन) कार्यविधि २०७८, जोखिम बिमा सम्वन्धी कार्यविधि,२०७८,कर्णाली प्रदेश विपद् पिडीत आवास निर्माण सहयोग (पहिलो संशोधन) कार्यविधि,२०७८,कोभिडबाट–१९ बाट मृत्यु भएका मृतकका परिवारलाई राहत वितरण सम्वन्धि कार्यविधि,२०७८, कर्णाली प्रदेश विपद् व्यवस्थापन कोष संचालन तथा खर्च कार्यविधि,२०७६,क्वारेन्टाइन संचालन तथा व्यवस्थापन मापदण्ड,२०७६, मनसून पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना,२०७९ तथा कर्णाली प्रदेश स्तरीय पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९,विपद् उद्धार तथा राहत वितरण सम्वन्धी कार्यविधि, २०७९, शाहसिक पुरुस्कार वितरण सम्वन्धि कार्यविधि २०७९,विपद् जलजन्य प्रकोपको पूर्व सुचना प्रणाली सम्वन्धि रणनितिक कार्ययोजना तयारी प्रकृयामा रहेका छन् । यसै मन्त्रालय अन्तर्गत प्रादेशिक आपतकालीन कार्य संचालन केन्द्र संचालित छ। प्रदेश सरकारले बार्षिक कार्यक्रम मार्फत पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यको उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएको छ। आर्थिक बर्ष २०७६/७७ बाट कर्णाली प्रदेशका सबै नागरिकहरुको विपदबाट हुने मृत्यको लागि सामुहिक बीमा गरिएको छ। प्रदेशका प्रमुख रणनीतिक सडकहरुलाई "जीवनदायिनी मार्ग"को रुपमा विकास गर्ने कार्यक्रमको शुरुवात भएको छ। विपद् पूर्वतयारीलाई पारिवारिक विपद् पूर्वतयारी योजना मार्फत प्रत्येक परिवार तहसम्म पुर्याउने कार्यक्रमहरुको शुरुवात गरिएको छ।

कर्णाली प्रदेशमा विपदबाट हुने मानवीय क्षति तथा प्रभावितहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपदबाट हुने आर्थिक क्षति कम गर्ने तथा संवेदनशील पूर्वाधारहरुको क्षति तथा अबरुद्धता कम गर्दै जोखिम सूसुचित विकासका अभ्यास मार्फत विकास निर्माणका प्रयासहरुलाई दिगो बनाउँदै सुरक्षित, उत्थानशील र सम्बृद्ध प्रदेश बनाउने दीर्घकालीन उद्देश्य तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति,२०७५ र विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले राखेको दीर्घकालीन सोंच तथा लक्ष्य हासिल गर्न समेत सहयोग पुग्ने गरि विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना २०२२-२०३० तर्जुमा गरिएको छ। प्रदेशको विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक नीतिगत तथा संरचनागत सुदृढीकरण, पूर्वतयारी र प्रतिकार्यको लागि क्षमता विकास, विपद् जोखिम सम्बन्धी ज्ञान एवम् चेतना विस्तार तथा आवश्यक लगानीको व्यवस्थापन र परिचालन गरि विपद् सूसुचित विकास निर्माणको अभ्यास मार्फत उत्थानशील प्रदेश निर्माण गर्न यस नीति तथा प्राथमिकता प्राप्त रणनीतिक क्रियाकलापहरुले मार्गनिर्देश गर्ने आशा लिएको छु।

यस नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्ने कार्यको संयोजन गर्नुहुने मन्त्रालयका सचिव श्री दिनेश सागर भुसाल तथा विपद् व्यवस्थापन शाखाका प्रमुख श्री कृष्ण बहादुर रोकाया लगायत विपद् व्यवस्थापन शाखा,सचिवालय र मन्त्रालयका कर्मचारी समेतलाई बिशेष धन्यवाद दिन चाहन्छु। महत्वपूर्ण सल्लाह सुझावका लागि सबै मन्त्रालय तथा अन्य निकायका प्रतिनिधिहरु र स्थानीय तहका प्रतिनिधिहरु समेतलाई धन्यवाद दिन चाहन्छु। विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा प्रकृयामा विज्ञ तथा प्राविधिक सहयोगको लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमलाई धन्यवाद दिन चाहन्छु। यस रणनीतिक कार्ययोजनालाई प्रदेशको नियमित तथा आवधिक योजना र कार्यक्रम तर्जुमाको मार्गदर्शकको रुपमा लिएर कार्यान्वयनमा लगिनेछ। सबै सरोकारवालाहरुसँगको समन्वय र साझेदार संस्था तथा निजी क्षेत्रसँगको सहकार्यले निर्दिष्ट लक्ष्य हासिल गरि कर्णाली प्रदेशलाई सुरक्षित,उत्थानशील र समृद्ध प्रदेश निर्माण गर्न सहयोग पुग्ने अपेक्षा लिएको छु।

मिति २०७९ असार

मन्त्री
आन्तरिक मामिला तथा कानुन मन्त्रालय

Website: moial.karnali.gov.np, Email: moialkarnali@gmail.com, Phone No. 083-525750

# विषयसूची

**अध्याय १: पृष्ठभूमि**
१.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्य १
१.२ कर्णाली प्रदेशको विपद् जोखिमको अवस्था २

**अध्याय २: विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था**
२.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु ७
२.२ राष्ट्रिय कानून, नीति तथा कार्ययोजना ८
२.३ प्रादेशिक अभ्यास १३
२.४ विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया १५

**अध्याय ३: विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति**
३.१ सोंच १६
३.२ लक्ष्य १६
३.३ उद्देश्यहरु १६
३.४ अवधारणा १६
३.५ नीति तथा रणनीतिहरु १७

**अध्याय ४: विपद् जोखिम न्यूनीकरण प्रादेशिक रणनीतिक कार्ययोजना**
४.१ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु २०
४.२ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु २१

**अध्याय ५: विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु**
५.१ प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाई २३
५.२ प्राथमिकता प्राप्त क्षेत्र २: प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण २७
५.३ प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता वृद्धिका लागि निजी एवम् सार्वजनिक लगानी प्रवर्धन ३०
५.४ प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियोका लागि विपद् पूर्वतयारीको सुदृढीकरण ३४

**अध्याय ६: रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था** ४०

**अध्याय ७: नीति तथा रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन**
७.१ नीति तथा रणनीतिक कार्ययोजनाको कार्यान्वयन ४१
७.२ अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन ४१
७.३ समीक्षा तथा पुनरावलोकन ४१

**सन्दर्भ सामग्रीहरु** ४२

**अनुसुची १: शब्दावली** ४५

# अध्याय एक : पृष्ठभूमि

साविकको कर्णाली अञ्चलका पाँच जिल्लाहरु; जुम्ला, कालिकोट, डोल्पा, मुगु र हुम्ला तथा भेरी अञ्चलका तीन जिल्लाहरु; सुर्खेत, दैलेख र जाजरकोट; र राप्ती अञ्चलका सल्यान र साविक रुकुमलाई टुक्र्याएर बनेको पश्चिम रुकुम गरी दश वटा जिल्ला मिलाएर बनेको कर्णाली प्रदेशले ३०२११ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । देशको कुल क्षेत्रफलको २१ प्रतिशत भूभाग ओगटेको कर्णाली नेपालको सबैभन्दा ठूलो प्रदेश हो । नेपालको सबैभन्दा लामो नदीको नामबाट नामाकरण गरिएको यो प्रदेश कर्णाली नदी र यसका सहायक नदीहरुको जलाधार क्षेत्र हो । सानी भेरी, ठूली भेरी, मुगु कर्णाली, हुम्ला कर्णाली, तिला, सेती गंगा, बुढी गंगा यस प्रदेशका मुख्य नदी तथा जलाधार हुन् । कर्णाली दक्षिणमा चुरे पर्वतदेखि भित्रि मधेश, उपत्यका, महाभारत पर्वत, तल्लो हिमालय, उच्च हिमालय र उत्तरमा सिमान्त हिमालयसम्म फैलिएको भौगोलिक विविधतायुक्त प्रदेश हो । यस प्रदेशको अधिकांश भाग हिमाली र उच्च पहाडी भूगोलमा पर्दछ ।

कर्णाली प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका गरी ७९ वटा स्थानीय तहका ३ लाख ७१ हजार १२५ घरघुरीमा १६ लाख ९४ हजार ८८९ जनसङ्ख्या बसोबास गर्दछन् । त्यसमध्ये ४८.८८ प्रतिशत पुरुष र ५१.१२ प्रतिशत महिलाको जनसङ्ख्या रहेको छ । यस प्रदेशमा बसोबास गर्ने सबैभन्दा ठूलो जातजाति समूह क्षत्री हो भने दोस्रोमा दलित (कामी) र तेस्रोमा जनजाति (मगर) को जनसङ्ख्या आउँछ [१] । विगतदेखिनै विकासमा पछाडी पारिँदै आएको यस प्रदेशको मानव विकास सूचकाङ्क सबैभन्दा न्यून र बहुआयामिक गरिवी सूचकाङ्क सबैभन्दा उच्च रहेको छ ।

## १.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्य

पछिल्लो ४५ वर्ष, सन् १९७१ देखि २०१५ को अवधिमा विपद्का कारण नेपालमा ४० हजार भन्दा बढी मानिसले ज्यान गुमाए । यो हरेक दिन २ जनाको मृत्यु भएको भन्दा बढी हो । त्यस्तै उक्त अवधिमा ७५ हजार भन्दा बढी व्यक्तिहरु घाइते भए भने ३० लाख मानिसहरु विपद्बाट प्रभावित भए । नेपालमा विपद्का कारण वार्षिक औसत ९०० जनाको मृत्यु हुन्छ । १ लाख ३२ हजार परिवार प्रभावित हुन्छन् । तीस हजार घरहरुमा क्षति हुन्छ र सामान्य अवस्थामा कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ [२]। २०७२ सालको भूकम्पबाट मात्र ८९७० जनाको मृत्यु भयो भने कुल गार्हस्थ उत्पादनको एक तिहाई अर्थात सात खर्ब रुपैयाँ बराबर आर्थिक नोक्सानी हुन पुग्यो [३]। बाढी, पहिरो, आगलागी, चट्याङ्, हावाहुरी, शीतलहर, भूकम्प र महामारी नेपालमा बारम्बार दोहोरिरहने विपद् हुन् [४]।

गृह मन्त्रालयको तथ्याङ्क अनुसार नेपालमा वार्षिक करिव १०,००० सडक दुर्घटना हुने गर्दछन् । जसका कारण वर्षेनी करिव १,९०० व्यक्तिले ज्यान गुमाउँछन् भने १३,००० व्यक्तिहरु घाइते हुन्छन् [५]। औषतमा दैनिक १७ वटा सडक दुर्घटना हुने गरेको र ५ जना भन्दा बढीको मृत्यु हुने गरेको देखिन्छ । पछिल्लो समयमा नेपालमा सडक दुर्घटनाबाट हुने मृत्युदर दिनानुदिन बढ्दो अवस्थामा छ । सन् २०१७ र २०१८ मा मात्र २४,५४१ वटा सडक दुर्घटना भए । जसबाट ५५५७ जनाको मृत्यु भयो भने २८३०० जना घाइते भए [६]।

---

[१] तथ्यांकमा कर्णाली प्रदेश: प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत २०७६

[२] विपद् जोखिम न्यूनीकरण रष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ – २०३०, नेपाल सरकार, गृह मन्त्रालय २०१८

[३] Nepal Earthquake 2015, Post Disaster Need Assessment: Government of Nepal, National Planning Commission 2015

[४] राष्ट्रिय जनगणना२०७८को , प्रारम्भिक नतिजा

[५] विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ – २०३०: नेपाल सरकार, गृह मन्त्रालय

[६] Nepal Disaster Report 2019: Government of Nepal, Ministry of Home Affairs 2019

ऐतिहासिक एवम् हालसम्म मापन गरिएका भूकम्पको अवस्थितिलाई हेर्दा नेपालको सम्पूर्ण भूभाग उच्च भूकम्पीय जोखिममा रहेको पाइन्छ । संसारभरी हालसम्म गएका भूकम्पको सङ्ख्या र आवृत्तिलाई विश्लेषण गर्दा भौगर्भिक प्लेटहरुका सिमानाहरु क्रियाशील भई बढी भूकम्प जाने गरेको देखिन्छ । भूकम्पको केन्द्रविन्दलाई विश्लेषण गर्दा महादेशीय भूगोलमा दुईवटा प्रमुख भूकम्पीय क्षेत्रहरु देखिन्छन् । पहिलो; प्यासिफिक प्लेटको वरिपरिको क्षेत्र (Curcum Pacific) र दोस्रो; मेडिटेरियन हिमालय (Mediterian Himalayan) क्षेत्र जहाँ नेपाल पनि अवस्थित छ । यी क्षेत्रहरुमा बढी भूकम्प जानुको प्रमुख कारण उच्च गतिशील प्लेटहरुको सिमानामा अवस्थित हुनु नै हो [७] । संसारमा हिमालय पर्वत श्रृङ्खला बढी भूकम्प जाने क्षेत्रहरु मध्ये एक हो । हिमालय पर्वत श्रृङ्खला भारतीय र युरेशियाली प्लेटबीचको सिमानामा अवस्थित छ । प्रतिवर्ष भारतीय प्लेट करीव २ सेन्टीमिटरका दरले हिमालय मुनि घुस्ने गर्दछ । परिणाम स्वरुप यस क्षेत्रमा रहेका सक्रिय दरारहरुमा तनाव/शक्ति संचित भई भूकम्पहरु उत्पन्न हुने गर्दछन् । नेपाल सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले जहिले पनि ठूला भूकम्प जानसक्ने सम्भावना रहन्छ र गइरहेका पनि छन् ।

नेपालको अवस्थिति, भौगर्भिक रुपमा चलायमान टेक्टोनिक प्लेट, अति भिरालो धरातलीय स्वरुप र कमजोर भौगोलिक बनावट, वर्षको छोटो अवधिमा अधिक वर्षा हुने मनसुनी हावापानी जस्ता प्राकृतिक विशेषताका कारण भौगर्भिक र जलवायुजन्य बहु-प्रकोपको उच्च जोखिममा रहेको छ । सामाजिक तथा आर्थिक संवेदनशीलताले विपद् जोखिम बढाईरहेको छ । हिन्दकुश हिमालय क्षेत्रका ८ वटा देशहरुमध्ये बहु-प्रकोपको जोखिमका कारण हुने मृत्युदरमा नेपाल बंगलादेश पछि दोस्रो स्थानमा आउँछ [८] । नेपालका अधिकांश जिल्लाहरुमा प्रत्येक वर्ष लगातार विपद्का घटना दोहोरिने गर्छन र ८० प्रतिशतभन्दा बढी जनसङ्ख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोट जस्ता प्रकोपको उच्च जोखिमयुक्त स्थानमा बसोवास गर्दछन् [९] ।

## १.२ कर्णाली प्रदेशको विपद् जोखिमको अवस्था

कर्णाली प्रदेश नेपालका सातवटा प्रदेशहरुमध्ये क्षेत्रफलका हिसावले सबैभन्दा ठूलो, जनसङ्ख्याका हिसावले सबैभन्दा सानो, गरिवीको दर सबैभन्दा उच्च रहेको, विकास सूचकाङ्कका आधारमा सबैभन्दा पछाडी परेको र विपद् जोखिमको हिसावले सबैभन्दा उच्च जोखिममा रहेको प्रदेश हो । सन् १९७४ देखि २०१८ सम्म ४५ वर्षको अवधिमा कर्णाली प्रदेशमा २,४३२ पटक विपद्का घटनाहरु भए । जसबाट ४,१५५ जनाको मृत्यु भयो । २५४ जना बेपत्ता भए २,३८० जना घाइते भए । यस अवधिमा १ लाख २२ हजार परिवार प्रभावित भए [१०]।

कर्णाली प्रदेशको विपद्बाट हुने मानवीय क्षति राष्ट्रिय औसतभन्दा उच्च रहेको देखिन्छ । नेपालको विपद्बाट हुने मृत्युदर प्रतिलाख जनसङ्ख्यामा वार्षिक औसत १.७ जना छ [११] भने कर्णाली प्रदेशको प्रति लाख जनसङ्ख्यामा (सडक दुर्घटना बाहेक) विपद्बाट हुने वार्षिक औषत मृत्युदर ७ जना पर्न आउँछ । यस प्रदेशको गरिवी र विकासमा पछाडि परेको सूचकाङ्कले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको कमजोर क्षमतालाई प्रतिबिम्वित गर्दछ ।

विपद्को कारण भएको आर्थिक क्षतिको लागि सन् २०११ भन्दा अघिको भरपर्दो तथ्याङ्क उपलब्ध छैन । सन् २०११ देखि २०२१

[७] गोरखा भूकम्प - २०७२ अनुभव र सिकाई: नेपाल सरकार, गृह मन्त्रालय २०७३

[८] The Hindukush Himalaya Assessment, Mountains, Climate Change, Sustainability and People: ICIMOD 2019

[९] Nepal Disaster Report 2017: Government of Nepal, Ministry of Home Affairs 2017

[१०] Disaster Risk Reduction Portal: Government of Nepal, Ministry of Home Affairs (www.drrportal.gov.np)

[११] पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ – २०८०/२०८१) आधार पत्र: नेपाल सरकार राष्ट्रिय योजना आयोग

सम्म १० वर्षको अवधिमा सडक दुर्घटना र कोभिड महामारी बाहेकका अन्य विपद्‌बाट मात्र कर्णाली प्रदेशमा ११ अर्ब ११ करोड २५ लाख रुपैयाँ बराबरको आर्थिक नोक्सानी भएको तथ्याङ्कले देखाउँछ । औसतमा कर्णाली प्रदेशमा वार्षिक १ अर्ब १५ करोड भन्दा बढी क्षति हुने गरेको देखिन्छ । जुन चालु आर्थिक वर्षको यस प्रदेशको बजेटको करिव ३ प्रतिशत भन्दा बढी हो । यस प्रदेशमा बाढीबाट सबैभन्दा बढी आर्थिक क्षति हुने गरेको देखिएको छ । दोस्रोमा आगलागीबाट, तेस्रोमा पहिरोबाट र त्यसपछि चट्याङ्, हावाहुरी र महामारीबाट धेरै आर्थिक क्षति हुने गरेको देखिन्छ ।

**तालिका १:**

**सन् २००९ देखि २०२१ सम्म १३ वर्षको अवधिमा कर्णाली प्रदेशमा भएका प्रकोपका घटना र यसबाट भएको क्षति**

| प्रकोप समूह | विपद्‌का प्रकारहरु | घटना सङ्ख्या | मृत्यु सङ्ख्या | प्रभावित परिवार | आर्थिक क्षति हजारमा |
|---|---|---|---|---|---|
| जलउत्पन्न/ जलवायुजन्य | पहिरो, बाढी, भीषण बर्षा, चट्याङ, हावाहुरी, हिमआँधि, हिमपहिरो, असिना, शीतलहर, खडेरी, लु | १००३ | ५४१ | १२७३८ | १०८७०४११ |
| जैविक | अन्य महामारी, कोभिड १९, वन्यजन्तुको प्रकोप, सर्पदंश | २७१ | ७८१ | ३६१७ | १८०० |
| प्राविधिक/ मानवजन्य | आगलागी, संरचना भत्किनु, डुंगा दुर्घटना, हवाई दुर्घटना, डढेलो, | ६२९ | १०७ | १३६३ | ५९९१५६ |
| भौगर्भिक/ भू भौतिक | भूकम्प | १४ | २ | ० | ० |
| अन्य | | ९ | ९ | ३००९ | ३०३ |
| **जम्मा** | | **१९२६** | **१४४०** | **२०७२७** | **११४७१३६८** |

*तथ्याङ्क स्रोत: गृह मन्त्रालय, डिआरआर पोर्टल (www.drrportal.gov.np)*

पछिल्लो १३ वर्षको मात्र तथ्याङ्कको विश्लेषण गर्दा सन् २००९ देखि २०२१ को अवधिमा कर्णाली प्रदेशमा विभिन्न २५ प्रकारका विपद्‌का घटना १,९२६ पटक घटेको र यसबाट १,४४० जनाको ज्यान गएको देखिएको छ । विपद्‌का घटनाको सङ्ख्याको आधारमा सबैभन्दा बढी आगलागीका घटना ६०० वटा, त्यसपछि पहिरो ३०१ वटा, तेस्रोमा महामारी २३४ वटा, चट्याङ्गा घटना २२५ वटा, भारी वर्षाका घटना २२२ वटा र बाढीका घटना १६१ वटा भएका थिए । त्यसैगरी सडक दुर्घटना ६९ वटा, हावाहुरी, असिना, संरचना भत्किएका घटना, लेक लाग्ने, हिमआँधीका घटना, डडेलो, वन्यजन्तु प्रकोप र भूकम्प जस्ता प्रकोपका घटनाहरु पनि उल्लेखनीय रुपमा हुने गरेको देखिन्छ । यसरी हेर्दा कर्णाली प्रदेशमा आगलागी, दुर्घटना, संरचना भत्किने जस्ता मानवीय कमजोरी र प्रविधिजन्य प्रकोप; पहिरो, बाढी भीषण वर्षा, चट्याङ, हावाहुरी, आँधी जस्ता जलउत्पन्न तथा जलवायुजन्य प्रकोप; भूकम्प, पहिरो जस्ता भौगर्भिक तथा भू-भौतिक प्रकोप; र वन्यजन्तु प्रकोप, महामारी तथा कोभिड १९ जस्ता जैविक प्रकोपसँग सम्बन्धित विपद्‌का घटनाहरु बारम्बार दोहोरिने गरेको पाइन्छ ।

## जलउत्पन्न / जलवायुजन्य विपद्

कर्णाली प्रदेशमा पछिल्लो तेह्र वर्षमा सबैभन्दा बढी १,००३ वटा बाढी, पहिरो, भीषण वर्षा, चट्याङ, हावाहुरी, आँधी, हिमआँधी, हिमपहिरो, असिना, शीतलहर, खडेरी र लु जस्ता जलउत्पन्न / जलवायुजन्य विपद्‌का घटनाहरु भएका थिए । घटना सङ्ख्याको हिसाबले सबैभन्दा बढी घटना, संरचनाको क्षति र आर्थिक नोक्सानीका हिसावले सबैभन्दा बढी आर्थिक क्षति र जैविक प्रकोपपछि सबैभन्दा बढी मानवीय क्षति जलउत्पन्न/ जलवायुजन्य विपद्‌का घटनाहरुबाट भएको देखिन्छ । यस अवधिमा कर्णाली प्रदेशमा जलउत्पन्न/ जलवायुजन्य विपद्‌का कारण ५४१ जनाको मृत्यु र २१७ जना बेपत्ता भए । १२७३८ परिवार प्रभावित भए भने १० अर्ब ८७ करोड ४ लाख एघार हजार रुपैयाँ बराबरको आर्थिक क्षति जलउत्पन्न तथा जलवायुजन्य विपद्‌का कारण भएको तथ्याङ्कले देखाउँछ । यसमा पनि सबैभन्दा बढी मानवीय र आर्थिक क्षति पहिरो, बाढी र चट्याङका घटनाहरुबाट हुने गरेको देखिन्छ ।

## जैविक प्रकोपजन्य (महामारी) विपद्

सन् २००९ देखि २०२१ को १३ वर्षको विपद्को तथ्याङ्क हेर्दा कर्णाली प्रदेशमा सबैभन्दा बढी मानवीय क्षति जैविक प्रकोप अर्थात महामारीका कारण भएको देखिन्छ । महामारीमा पनि झाडापखाला, मौसमी रुघाखोकी र कोभिड - १९ संक्रमण मुख्य देखिएको छ । उक्त अवधिमा यस प्रदेशमा कोभिड - १९ बाहेक अन्य महामारीसँग सम्बन्धित ३३५ वटा घटना भए भने यसबाट ३९० जनाको मृत्यु भयो र ३,५८२ परिवार प्रभावित भएका थिए । पछिल्लो समयमा झाडापखाला जस्ता महामारीमा कमी आएता पनि पछिल्लो दुई वर्षमा कोभिड १९ महामारीबाट यस प्रदेशमा २३,२०९ जना संक्रमित भए भने ३९१ जनाको मृत्यु भयो । यसप्रकार विगत १३ वर्षको अवधिमा यस प्रदेशमा महामारीका कारण मात्र ७८१ जनाको मृत्यु भयो । समुदायको न्यून चेतनास्तर, स्वास्थ्य र सरसफाईको कमजोर अवस्था, गरिवी र आपत्कालीन स्वास्थ्य सेवाको कमजोर व्यवस्थापन र न्यून प्रभावकारिता यस प्रकारका महामारी बारम्बार फैलिनुको कारणका रुपमा लिन सकिन्छ।

**तालिका २:**
**कर्णाली प्रदेशमा कोभिड -१९ बाट २०७८ चैत्र ३० गतेसम्म भएको विरामीको विवरण**

| जिल्ला | विरामी | | | कुल मृत्यु | निको भएको |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | |
| हुम्ला | ३७ | ६३ | १०० | ५ | ९५ |
| मुगु | १६ | ६४ | ८० | ४ | ७६ |
| डोल्पा | २० | ५० | ७० | ५ | ६५ |
| जुम्ला | ६१० | ९६९ | १५७९ | २४ | १५५५ |
| कालिकोट | २५६ | ५४८ | ८०४ | ७ | ७९७ |
| दैलेख | ९१० | २२७६ | ३१८६ | २४ | ३१६२ |
| जाजरकोट | २९६ | ५०० | ७९६ | ५ | ७९१ |
| रुकुम पश्चिम | ३७४ | ५५४ | ९२८ | ३६ | ८९२ |
| सल्यान | ४८२ | १२०३ | १६८५ | ५३ | १६३२ |
| सुर्खेत | ५४६० | ७४८५ | १२९४५ | २२४ | १२७२१ |
| अन्य | १७५ | ८६१ | १०३६ | ४ | १०३२ |
| **जम्मा** | **८६३६** | **१४५७३** | **२३२०९** | **३९१** | **२२८१८** |

*स्रोत: स्वास्थ्य सेवा निर्देशनालय, कर्णाली प्रदेश*

## प्राविधिक / मानवजन्य विपद् जोखिम

विगत १३ वर्षको अवधिको तथ्याङ्क हेर्दा ६२९ वटा आगलागी, डढेलो, दुर्घटना, डुङ्गा दुर्घटना, हवाई दुर्घटना, संरचना भत्किने जस्ता प्राविधिक र मानवजन्य विपद्का घटना भएका थिए । यसमा पनि सबभन्दा धैरै ६०० वटा आगलागीका मात्र घटना भएका थिए । यी घटनाहरुबाट १०९ जनाको मृत्यु र ४ जना बेपत्ता भए । १३६३ परिवार प्रभावित भए भने ५९ करोड ९१ लाख बराबरको आर्थिक क्षति हुन पुगेको थियो । कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क अनुसार आ. व. २०७६/७७ देखि २०७८/२०७९ तीन वर्षको अवधिमा कर्णाली प्रदेशमा ८६१ वटा सडक दुर्घटनाका घटनाहरु भए । जसबाट ३४२ जनाको मृत्यु र १२३६ जना घाइते भए । यस प्रदेशमा वार्षिक औषत २८७ वटा सडक दुर्घटना हुने, यसबाट ४१२ जना घाइते र १४४ जनाको मृत्यु हुने गरेको देखिन्छ । सडकको कमजोर गुणस्तर सवारी साधनको अवस्था, चालकको अयोग्यता र जनचेतनाको न्यून स्तरले गर्दा सडकको विस्तार र सवारी साधनको वृद्धिसँगै पछिल्लो समयमा कर्णाली प्रदेशमा पनि सडक दुर्घटना बढीरहेको छ ।

## भौगर्भिक / भू-भौतिक विपद् जोखिम

हिमालय पर्वत श्रृङ्खला बढी भूकम्प जाने क्षेत्रहरु मध्ये एक हो । यो पर्वत श्रृङ्खला भारतीय र युरेशियाली प्लेटबीचको सिमानामा अवस्थित छ । प्रतिवर्ष भारतीय प्लेट करीव २ सेन्टीमिटरका दरले हिमालय मुनि घुस्ने गर्दछ । परिणाम स्वरुप यस क्षेत्रमा रहेका सक्रिय दरारहरुमा तनाव / शक्ति संचित भई भूकम्पहरु उत्पन्न हुने गर्दछन् । बीसौं शताब्दीमा मात्र हिमालय क्षेत्रमा आठ म्याग्नेच्यूडभन्दा ठूला तीनवटा [१२] विनासकारी महाभूकम्पहरु गएका थिए । यी भूकम्पहरुले हिमालय क्षेत्रमा ठूलो जनधनको क्षति गरेको थियो । हालैको गोरखा भूकम्पदेखि पश्चिम र भारतको देहरादुन सम्मको क्षेत्रमा लामो समयसम्म ठूला भूकम्प गएको छैन । हिमालय पर्वतको पश्चिमी खण्डमा लामो समयदेखि ठूलो भूकम्प नगएकोले शक्ति संचित भएर रहेको र कुनै पनि समयमा ठूलो भूकम्प जान सक्ने आँकलन विभिन्न वैज्ञानिक अध्यनहरुले गर्दै आएका छन् । विगत लामो समयदेखि नेपालको पश्चिमी क्षेत्रमा ठूलो भूकम्प नगएकोले भूकम्पबाट भएको क्षतिको तथ्याङ्क उपलब्ध छैन तर सिंगो नेपाल नै उच्च भूकम्पीय जोखिममा रहेको र त्यसमा पनि सिन्धुलीको दक्षिणतर्फ, उदयपुर आसपास, पोखराको पूर्वी र पश्चिमी भाग, बझाङ र दैलेख जिल्लामा जमिनको प्रवेग उच्च पाइएको अध्ययनले देखाएको छ । उच्च प्रवेगले कम्पन बढी हुने क्षेत्रलाई जनाउँछ ।

नेपालको संवेदनशील भूबनावट एवम् कमजोर सामाजिक तथा आर्थिक अवस्था कम गुणस्तरीय निर्माण प्रकृया, अव्यस्थित भू-उपयोग एवम् सहरीकरण र विपन्नता जस्ता कारणले गर्दा भूकम्पीय जोखिमको दृष्टिकोणले नेपाल विश्वमा एघारौं स्थानमा रहेको छ [१३]। भूकम्प अन्य प्रकोपजस्तो बारम्बार नआउने तर कुन समय र कति सघनतामा आउँछ भन्ने अनुमान गर्न नसकिने, आएपछि छोटो अवधिमा ठूलो क्षेत्र र धेरै जनसङ्ख्यालाई प्रभावित गर्ने र ठूलो आर्थिक क्षति गर्ने प्रकोप भएकोले हाम्रो जस्तो उच्च भूकम्पीय जोखिममा रहेका मूलुकको लागि भूकम्पीय जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकतामा राख्ने गरिन्छ ।

**तालिका ३:**
**सन् २००९ देखि २०२१ सम्म कर्णाली प्रदेशमा विपद्बाट भएको क्षतिको जिल्लागत विवरण**

| जिल्ला | घटना सङ्ख्या | मृत्यु | घाइते | बेपत्ता | प्रभावित परिवार | भवन क्षति | आर्थिक क्षति* (२०११-२०२१) |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | २८९ | ३०० | १३०७१ | १०६ | ४२४१ | ४१५२ | १०३४९१४९ |
| दैलेख | २८२ | १५४ | ३३२९ | १५ | २७०२ | ९९९ | २५६४०१ |
| जाजरकोट | २७५ | २७७ | ९२२ | १६ | २१८५ | २०४८ | २२८७१ |
| रुकुम | २५६ | १४० | १०५३ | ८ | २७२६ | ९२६ | ७७४८१ |
| सल्यान | २१४ | १२४ | ३४९ | ५ | ४५८ | ५६१ | २०७१२५ |
| हुम्ला | १९७ | १०० | ९७९ | ३२ | ४९५ | ३३५ | १२१४२५ |
| कालिकोट | १७५ | १७७ | ९७९ | ३२ | ३५३४ | २७१ | ८२२५० |
| डोल्पा | ९६ | ७१ | ९५ | २१ | १८९ | ८८ | ४३७०२ |
| जुम्ला | ८७ | ६३ | १६१५ | ६ | २०२ | ५६ | १५७९९५ |
| मुगु | ५५ | ३४ | ९४ | ६ | ३९९५ | ९२ | १५२९६५ |
| **जम्मा** | **१९२६** | **१४४०** | **२३२६२** | **२२२** | **२०७२७** | **९५२८** | **११४७१३६८** |

*तथ्याङ्क स्रोत: गृह मन्त्रालय, डिआरआर पोर्टल (www.drrportal.gov.np)*


[१२] सन् १९०५ को काँगडा भूकम्प, सन् १९३४ को (विसं १९९०) को विहार-नेपाल भूकम्प र सन् १९५० को असाम भूकम्प

[१३] Reducing Disaster Risk: A Challenge for Development, A Global Report: UNDP/BCPR 2004

जिल्लागत रुपमा हेर्दा विगत १३ वर्षमा सडक दुर्घटना बाहेक सबैभन्दा बढी विपद्का घटना २८९ वटा सुर्खेत जिल्लामा, दैलेखमा २८२, जाजरकोटमा १७५ र रुकुम पश्चिममा २५६ वटा र सबैभन्दा थोरै जुम्लामा ८७ र मुगुमा ५५ वटा घटना भएका थिए । मानवीय क्षतिको हिसावले यस अवधिमा सबैभन्दा बढी मृत्यु सुर्खेतमा ३०० जना, जाजरकोटमा २७७ जना, कालिकोटमा १७७ जना र सवैभन्दा कम जुम्लामा ६३  जना र मुगुमा ३४ जनाको मृत्यु भएको पाईएको छ ।

कर्णाली प्रदेशमा विगतमा बारम्बार दोहोरिएका २० वटा मुख्य विपद्हरुको सङ्ख्या, आवृत्ति, त्यसको प्रभाव, मानवीय क्षति, प्रभावितहरुको सङ्ख्या तथा आर्थिक क्षति  र पुन आउन वा घट्न सक्ने सम्भावनाका आधारमा हेर्दा बाढी, पहिरो, चट्याङ, आगलागी, सडक दुर्घटना, महामारी र भूकम्पको उच्च जोखिम रहेको देखिन्छ । भीषण वर्षा, हिम आँधी, हिमपहिरो, हावाहुरी, असिना, शीतलहर, खडेरी, लु, डडेलो, डुंगा दुर्घटना, हवाई दुर्घटना, संरचना भत्किने  र वन्यजन्तु प्रकोप पनि यस प्रदेशमा दोहोरिरहने विपद् हुन् ।

कर्णाली प्रदेशमा विगतमा भएका विपद्का घटनाहरुको सङ्ख्या, क्षतिको विवरण एवम् यस क्षेत्रको सङ्कटासन्नता र जोखिमको विषयमा गरिएका अध्ययनको आधारमा कर्णाली प्रदेश जैविक, प्राविधिक/मानवजन्य, जलवायुजन्य/ जलउत्पन्न र भौगर्भिक/ भू-भौतिक बहु-प्रकोपको उच्च जोखिममा रहेको छ । महामारी, बाढी, पहिरो, आगलागी, चट्याङ र दुर्घटना कर्णाली प्रदेशमा बारम्बार दोहोरिरहने प्रमुख विपद् हुन् भने भूकम्प लामो समयको अन्तरालमा आएतापनि ठूलो क्षति गर्न सक्ने विपद् हो । अर्कोतिर प्रदेशको विकासमा पिछडिएको अवस्था  छ । नेपालको मानव विकास सूचकाङ्क ०.४९ हुँदा कर्णाली प्रदेशको सूचकाङ्क ०.४२७ रहेको छ [१४] । यो सातवटा प्रदेशहरुमा सबैभन्दा न्यून हो । त्यसैगरी ब्याप्त गरिवी; बहुआयामिक गरिवीदर नेपालको औसत २८.६ हुँदा कर्णाली प्रदेशको ५१.२ प्रतिशत रहेको छ [१५] , शिक्षा र चेतनाको न्यून अवस्था तथा विपद् सूचना र आपत्कालीन सेवामा अपर्याप्त पूर्वाधार र समुदायको कमजोर पहुँचले प्रदेशको विपद् संवेदनशीलता र व्यवस्थापनको कमजोर क्षमतालाई देखाउँछ । परिणाम स्वरुप यस प्रदेशले विपद्बाट राष्ट्रिय औसतभन्दा उच्च क्षति व्यहोर्नु परिरहेको छ ।




*चित्र १: कर्णाली प्रदेशको बहु -प्रकोप जोखिमको अवस्था*

---

[१४] तथ्याङ्कमा कर्णाली प्रदेश: प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत २०७६

[१५] Nepal Multidimentional Poverty Index 2018: Government of Nepal, National Planning Commission 2018

# अध्याय दुई: विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

## २.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु

विपद् जोखिम न्यूनीकरण सम्बन्धी अन्तर्राष्ट्रिय दशक १९९० - २००० को अवधिमा सन् १९९४ मे मा जापानको योक्लोहामामा विपद् जोखिम न्यूनीकरण सम्बन्धी पहिलो विश्व सम्मेलन सम्पन्न भयो । उक्त सम्मेलनले सुरक्षित विश्वको लागि योक्लोहामा रणनीति र कार्ययोजना पारित गऱ्यो । योक्लोहामा रणनीति विपद् रोकथाम, न्यूनीकरण र अल्पीकरणका लागि मानवीय तथा संस्थागत विकास, सूचना संकलन, प्रचार तथा प्रयोगको लागि प्रविधिको आदानप्रदान र स्रोत परिचालनको लागि अन्तर्राष्ट्रिय सहायता परिचालन गर्ने प्रतिवद्धता थियो । यसैगरी सन् २००५ जनवरीमा जापानको कोवे, ह्योगोमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी दोस्रो विश्व सम्मेलन आयोजना भयो । उक्त विश्व सम्मेलनले विपद् न्यूनीकरणका लागि १० वर्षे कार्ययोजना, ह्योगो कार्यढाँचा २००५-२०१५ पारित गर्‍यो ।

**विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा २०१५ – २०३०:** ह्योगो कार्यढाँचाको अवधि सकिँदै गर्दा सन् २०१५ मार्चमा जापानको सेन्डाईमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी तेस्रो विश्व सम्मेलन आयोजना गरियो । उक्त सम्मेलनले विश्वमा विपद्को कारणबाट हुने मानवीय क्षति, आर्थिक तथा भौतिक क्षतिलाई २०३० सम्ममा उल्लेखनीय रुपमा कमि ल्याउने उद्देश्यकासाथ विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा २०१५ - २०३० पारित गऱ्यो । सेन्डाई कार्यढाँचाले विपद् जोखिम न्यूनीकरणका लागि विश्वव्यापी सातवटा लक्ष्य निर्धारण गरेको छ  जसमा; विपद्को कारणबाट हुने विश्वव्यापी मृत्युदर उल्लेख्य रुपमा कम गर्ने, विपद्बाट प्रभावित हुने जनसङ्ख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्सानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको सङ्ख्या बढाउने, रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय सहायता बढाउने र बहु-प्रकोप पूर्व सूचना प्रणाली र विपद् जोखिम सम्बन्धी सूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि ४ वटा प्राथमिकताहरु तय गरेको छ  जसमा; (१) विपद् सम्बन्धी बुझाई, (२) विपद् जोखिम व्यवस्थापनको लागि सबलीकृत विपद् जोखिम सुशासन, (३) विपद् जोखिम न्यूनीकरणमा लगानी वृद्धि र (४) पुनर्स्थापना र पुनर्निर्माणका कार्यहरुमा "अझ राम्रो अझ बलियो" अवधारणा सहित विपद् पूर्वतयारी  सेन्डाई कार्यढाँचाले निर्धारण गरेका प्राथमिकताहरु हुन् ।

**दिगो विकास लक्ष्य २०१५-२०३०:** संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा विश्वलाई बदल्नको लागि दिगो विकास लक्ष्य २०१५ - २०३० (Sustainable Development Goal 2015 - 2030) २०३० अघि सारेको छ । दिगो विकास लक्ष्य दिगो विकासका तीनवटा आधारभूत आयामहरु; आर्थिक विकास, सामाजिक समानता र वातावरणीय सन्तुलनको अवधारणामा आधारित छ । पृथ्वी, मानव, सम्वृद्धि, शान्ति र साझेदारीलाई दिगो विकास प्राप्तिका आधार स्तम्भ मानेको छ । दिगो विकास लक्ष्य २०१५-२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकास लक्ष्यमा विपद् जोखिम न्यूनीकरणका विषयवस्तु विभिन्न क्षेत्रसँग सम्बन्धित लक्ष्यहरुमा समावेश भएका छन् । दिगो विकासका १७ वटा मध्ये १० वटा लक्ष्य र ६९ वटा मुख्य सूचक मध्ये २५ वटा सूचक विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धित छन् । दिगो विकास लक्ष्यले जोखिमका अन्तरनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयासमार्फत सम्बोधन गरी जोखिम सुसुचित विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेन्डाई कार्यढाँचाले अघि सारेका सात वटा विश्वव्यापी लक्ष्यमार्फत विपद्बाट हुने मानवीय, आर्थिक तथा पूर्वाधारको क्षति र नोक्सानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्दत गर्दछ ।

**पेरिस सम्झौता, २०१५:** सन् २०१५ डिसेम्बरमा फ्रान्सको पेरिसमा सम्पन्न पक्ष राष्ट्रहरुको २१ औं सम्मेलनले दिगो विकास तथा गरिवी निवारण गर्ने प्रयासका सन्दर्भमा जलवायु परिवर्तनका जोखिम विरुद्ध चालिने विश्वव्यापी उपायहरु प्रस्तुत गऱ्यो । जसलाई पेरिस सम्झौताको नामले चिनिन्छ । जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीय रुपमा घटाउने कुरालाई आत्मासात गर्दै विश्वव्यापी औषत तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सियसमा सिमित राख्न प्रयास गर्ने, खाद्य उत्पादनमा कमी हुन नदिने गरी जलवायु परिवतर्नका प्रतिकुल प्रभावहरुलाई अनुकुलन गर्ने क्षमता अभिवृद्धि गर्ने र न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समानुकुलनलाई प्रवर्धन गर्ने, न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समानुकुलन विकासमूलक कार्यप्रणाली अनुरुप लगानी प्रवाह गर्ने उद्देश्य लिएको पेरिस सम्झौताले जलवायु परिवर्तनका कारण हुने क्षति तथा नोक्सानीलाई सम्बोधन गर्दै यसको न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली, आपत्कालीन प्रतिकार्य र जोखिम हिस्सेदारीमा सहकार्य गर्दै जलवायु जोखिम न्यूनीकरणका विषयवस्तुलाई प्राथमिकतामा राखेको छ ।

**मानवीयताका लागि एजेण्डा २०१६:** सन् २०१६ मा टर्कीको स्ताम्बुलमा भएको विश्व मानवीयता सम्बन्धी सम्मेलनले पाँचवटा प्रमुख दायित्व सहित मानवीयताका लागि एजेण्डा (Agenda for humanity) पारित गर्‍यो । यस एजेण्डाले मानवीय सहायताका लागि गरिने कार्य र विकासका कार्यलाई जोड्ने नयाँ मार्ग प्रसस्त गरेको छ । यस एजेण्डामा उल्लेख गरिएका पाँच वटा प्रमुख दायित्वमध्ये मानवीयताका लागि लगानी (Invest in humanity) र कोही पछि नहोस् (Leave no one behind) रहेका छन् । यसले मानवीय सहायताका लागि काम गर्ने स्थानीय संस्था र प्रणालीलाई बलियो बनाउन जोड दिएको छ ।

**नयाँ शहरी एजेण्डा २०१६:** सन् २०१६ को अक्टोबरमा आवास तथा दिगो शहरी विकासका लागि संयुक्त राष्ट्र सङ्घीय सम्मेलनमा अवलम्बन गरिएको नयाँ शहरी एजेण्डा (New urban agenda) ले विश्वको बढ्दो शहरीकरण र शहरी जोखिमलाई दृष्टिगत गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, सङ्कटासन्नता घटाएर उत्थानशीलता निर्माण तथा जलवायु परिवर्तनको अनुकुलन र अल्पीकरणलाई शहरी विकासका लागि प्राथमिकताको रुपमा ग्रहण गरी उत्थानशील निर्माण, जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनलाई बढवा दिने शहरहरुको परिकल्पना गरेको छ ।

सन् २०१५ पछि  विश्वव्यापी रुपमा पाँचवटा महत्वपूर्ण दस्तावेजहरु; सेन्डाई कार्यढाँचा २०१५- २०३०, दिगो विकास लक्ष्य २०१५-२०३०, पेरिस सम्झौता २०१५, मानवीयताका लागि एजेण्डा २०१६ र नयाँ शहरी एजेण्डा २०१६ तयार भए । यी दस्तावेजहरु एक अर्कामा परिपूरक छन् र सन् २०१५ पछिको उत्थानशील र विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित दिगो विकास प्राप्ति तर्फको विश्वको लक्ष्य, गन्तव्य र मार्गचित्र प्रस्तुत गरेका छन् । राष्ट्रहरुले स्थानीय विशेषता र आवश्यकताको आधारमा उपरोक्त दस्तावेजहरुको स्थानीयकरण गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति, रणनीति तथा कार्यक्रम मार्फत कार्यान्वयनको शुरुवात गरेका छन् ।

## २.२ राष्ट्रिय कानून, नीति तथा कार्ययोजना

**नेपालको संविधान २०७२:** नेपालको संविधान (२०७२) ले पहिलो पटक विपद् व्यवस्थापनलाई राज्यको जिम्मेवारीको रुपमा परिभाषित गरेको छ । संविधानमा राज्यका नीतिहरु अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने  र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार  राहत एवम् पुनर्स्थापना गर्ने [१६] उल्लेख छ ।

[१६] नेपालको संविधान, २०७२: धारा ५१ (छ) ४ र ९

त्यसैगरी संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् उद्दार तथा राहत र पुनर्लाभ सम्बन्धी विषय संघ र प्रदेशको साझा अधिकार सूचीमा समेटिएको छ । अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूचीका २२ बुँदामध्ये एउटा बुँदा विपद् व्यवस्थापन रहेको छ । अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा विपद् व्यवस्थापन लाई राखिएको छ [१७] । यसरी नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको सरकारको साझा अधिकार क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४:** सन् २०१५ पछि विपद् व्यवस्थापनको क्षेत्रमा विश्वव्यापी रुपमा विकास भएका अवधारणा र नेपालले विपद् व्यवस्थापका क्षेत्रमा गरेका विगतका अनुभव समेतको आधारमा यो ऐन तयार भएको हो । प्रथमतः यस ऐनले विपद् व्यवस्थापन र न्यूनीकरणका सबै चरणलाई बृहत रुपमा समेटेको छ । दोस्रो; संविधानको मर्म बमोजिम विपद् व्यवस्थापनको संरचना निर्धारण गरेको छ । जसमा केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् र कार्यकारी समिति रहने व्यवस्था छ भने प्रदेशमा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् र कार्यकारी समितिको व्यवस्था गरिएको छ । त्यसैगरी जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था छ । तेस्रो; नियमित र रणनीतिक रुपमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको काम गर्न र विपद् जोखिम सुसुचित विकास योजनाको कार्यान्वयन मार्फत उत्थानशीलता विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण स्थायी संरचनाको रुपमा रहने व्यवस्था गरेको छ । चौथो; यस ऐनले तीनवटै तहका सरकारलाई विपद् व्यवस्थापन कोष सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार दिएको छ । पाँचौ; संघ, प्रदेश र स्थानीय तीनवटै सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी मध्यकालीन तथा अल्पकालीन नीति रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने गराउने अधिकार रहेको छ ।

**औद्योगिक नीति, २०६७:** उद्योग व्यावसायमा आगलागीबाट हुने जोखिम कम गर्न स्थानीय सरकारको समन्वयमा औद्योगिक क्षेत्र र कोरिडरमा आधुनिक बारुण यन्त्रको व्यवस्था गर्ने तथा कुनै प्राकृतिक विपत्ति र सामाजिक सेवामा उद्योगले दिने अनुदान वा सहयोगमा आयकर छुट दिने व्यवस्था उद्योग नीति, २०६७ ले गरेको छ ।

**राष्ट्रिय स्वास्थ्य नीति, २०७१:** जलवायु परिवर्तनबाट पर्ने स्वास्थ्य सम्बन्धी नकारात्मक असरको सम्बोधनका लागि समष्टिगत व्यावस्थापन गर्न राष्ट्रिय संजाल तथा संयन्त्र एवम् अवसरको समुचित प्रयोग गर्दै बहुपक्षीय कार्ययोजना बनाई सरोकारवाला सम्पूर्ण निकायहरुसँग सहकार्य गर्ने र पशुपंक्षी तथा कीटबाट मानिसमा सर्ने रोगहरुको व्यवस्थापनका लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्यको समुचित व्यवस्था गर्ने नीति राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले लिएको छ ।

**कृषि विकास रणनीति, २०७२ – २०९२:** किसानहरुलाई जलवायु परिवर्तन र विपद् उत्थानशील बनाउन मौसम तथा जलवायु पूर्व सूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको बालीको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रबर्धन, खाद्य र बीउको भण्डारण व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदि क्रियाकलापहरुलाई कृषि विकास रणनीति, २०७२ - २०९२ ले प्राथमिकतामा राखेको छ ।

**जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२:** बाढी पहिरो जस्ता जल उत्पन्न प्रकोपको संरचनागत तथा गैर संरचनागत प्रविधिबाट रोकथाम गरी सोबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको

[१७] नेपालको संविधान, २०७२: अनुसूची ७, ८, ९

संरक्षण गरी प्राकृतिक स्रोत साधन एवम् खानेपानी, जल परिवहन, सिंचाई, स्थल यातायात आदि जस्ता पूर्वाधारको उपयोगितालाई दिगो बनाउन जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले विभिन्न नीतिहरु तय गरेको छ ।

**राष्ट्रिय शहरी विकास रणनीति, २०७३:** सन्तुलित र सम्बृद्ध शहरी भविष्यको लागि उत्थानशीलतालाई पाँच मार्गदर्शक सिद्धान्तहरुकध्ये एक मानेको छ । यस रणनीतिले विपद् जोखिम अनुकुलित शहर र समुदाय निर्माणका लागि उत्थानशीलतालाई शहरी प्रणाली र समुदायको योजना निर्माण तथा विकासमा एकिकृत गर्न जोड दिएको छ ।

**नेपाल सडक सुरक्षा कार्ययोजना २०७० - २०७७:** सुरक्षित सडक पूर्वाधार र सेवाहरुको व्यवस्था तथा दुर्घटना पश्चात प्रभावकारी प्रतिकार्य मार्फत जनधन तथा आर्थिक क्षति कम गर्ने उदेश्य नेपाल सडक सुरक्षा कार्ययोजना २०७० -२०७७ ले राखेको छ । यस कार्ययोजनाले सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडक तथा आवागमन, सुरक्षित सवारी साधन, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पश्चात प्रतिकार्य जस्ता पाँच आधार स्तम्भ अन्तर्गत विभिन्न क्रियाकलापहरु तय गरेको छ ।

**राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६:** नेपाल जलवायु परिवर्तनका प्रतिकुल असरहरुको उच्च जोखिम रहेका राष्ट्रहरुमध्ये एक हो । भौगोलिक विविधता, हावापानीको विषेशता, संवेदनशील पारिस्थितिक प्रणाली जस्ता प्राकृतिक कारण र गरिवी, अशिक्षा, सामाजिक असमानता र समुदायको प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जनका कारण जलवायु परिवर्तनका असरहरुप्रतिको संवेदनशीलता अझ बढेको छ । बाढी, पहिरो, हावाहुरी, डढेलो, खडेरी जस्ता जलवायुजन्य प्रकोपका कारण हरेक वर्ष ठूलो मात्रामा जनधनको क्षति भइरहेको पृष्ठभूमिमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक, आर्थिक सम्वृद्धिमा योगदान पुऱ्याउने लक्ष्य राखेर राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागू भएको छ । यस नीतिको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा संस्थागत संरचना तयार गर्ने र संघ, प्रदेश र स्थानीय तहबाट आवश्यक कानून, रणनीति, कार्यनीति, निर्देशिका, कार्यविधि दिग्दर्शन र योजना तर्जूमा गरी लागू गरिने उल्लेख छ ।

**राष्ट्रिय शिक्षा नीति, २०७६:** सुरक्षित विद्यालयको अवधारणा अनुसार विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई सुरक्षित एवम् हरित विद्यालयको रुपमा विकास गर्ने नीति लिएको छ । यसका लागि विद्यालयको भौतिक पूर्वाधार र सिकाई वातावरण विपद् उत्थानशील बनाइने विद्यालय तथा शिक्षालयहरुमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिइ विपद्को पूर्वतयारी, प्रतिकार्य न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रम र सुरक्षित विद्यालय सम्बन्धी अभ्यास नियमित रुपमा सञ्चालन गर्ने । विपद् जोखिम न्यूनीकरण सम्बन्धि विषयवस्तु पठनपाठनको प्रबन्ध गर्ने । विद्यालयलाई बालमैत्री, लैंगिकमैत्री, अपांगमैत्री, हिंसारहित एवम् भयरहित सिकाई केन्द्रका रुपमा विकास गरी सम्पूर्ण रुपमा सुरक्षित विद्यालय बनाउने नीति अवलम्बन गरिएको छ ।

**विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५:** विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवम् राष्ट्रिय आवश्यकता अनुरुप विपद् जोखिम न्यूनीकरणका लागि मूल नीति तर्जुमाको आवश्यकता महसुस गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालीन सोचका साथ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ लागू भएको छ ।

विपद् जोखिम सम्बन्धी बुझाई अभिवृद्धि गर्ने, सबै वर्ग र तहमा जोखिम सम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने, जोखिम मैत्री

शासनको सुदृढीकरण गर्ने, विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनसँग एकिकृत गरी विकास प्रकृयामा मूल प्रवाहीकरण गर्ने, लगानी प्रवर्धन गरी उत्थानशीलता वृद्धि गर्ने, विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण र पूर्व सूचना प्रणालीको विस्तार गर्ने, विपद् पश्चातको पुनर्स्थापना र पुनर्निर्माणको काम अझ राम्रो अझ बलियो अवधारणा अनुसार गर्ने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीतिको उद्देश्य रहेको छ ।

यस नीतिको योजनाबद्ध कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी लागू गरिने, विषयगत मन्त्रालय, सार्वजनिक निकायहरु, विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शकको रुपमा लिइने, प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कर्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शकको रुपमा लिइने । संघ, प्रदेश र स्थानीय तहमा आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिने । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा व्यवस्था गरेबमोजिमका आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गरिने उल्लेख छ ।

**<u>विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८ -२०३०:</u>** विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा २०१५ – २०३० को प्रतिबद्धता अनुरुप विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीतिले तय गरेका उद्देश्य पूरा गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८ -२०३० तर्जुमा गरिएको छ ।

विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन एवम् उत्पादनका साधनहरु भौतिक तथा सामाजिक पूर्वाधार, सांस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापको पहिचान र आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवम् पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणालाई आत्मसात गरी सेन्डाई कार्यढाँचालाई मूल मार्गदर्शनको रुपमा लिएर ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरु र अठार वटा प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्यहरुलाई अल्पकालीन सन् २०१८-२०२० मध्यकालीन सन् २०१८-२०२५ र दीर्घकालीन २०१८-२०३० र निरन्तर रुपमा गरिने क्रियाकलापका लागि निरन्तर अवधि तोकी रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ । सन् २०२० सम्ममा सबै प्रदेश र स्थानीय तहको विपद् जोखिम रणनीति तथा कार्ययोजना तयार गर्ने, संघ, प्रदेश र स्थानीय तहहरु र सरोकारवालाहबीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्न संयन्त्र विकास गर्ने र सबै सरकारी निकायहरुले पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि "अझ राम्रो र बलियो" निर्माणको सिद्धान्तका आधारमा श्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने गरी सूचक तयार गरिएको छ ।

**<u>पन्ध्रौं योजना २०७६/७७ – २०८०/८१:</u>** पन्ध्रौं आवधिक योजना "सम्बृद्ध नेपाल र सुखी नेपाली"को दीर्घकालीन सोच सहित शुरु गरिएको छ । यस योजनाले सुरक्षित, सभ्य र न्यायपूर्ण समाजको परिकल्पना गरेको छ । सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकमा सुरक्षित तथा सुविधा सम्पन्न आवास अन्तर्गत सुरक्षित भवन (आचार संहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसङ्ख्या २०७४/७५ मा ३७.८ प्रतिशत रहेकोमा २०८०/ ८१ मा ६० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । विपद्का

घटनाबाट प्रभावित जनसङ्ख्या २०७६/७७ मा प्रति हजार १९.५ जना रहेकोमा २०८०/८१ मा प्रतिहजार ५ जनामा झार्ने र विपद्का घटनाबाट मृत्यु हुने जनसङ्ख्या २०७६/७७ मा प्रतिलाख १.७ जना रहेकोमा २०८०/८१ मा १.०९ मा झार्ने लक्ष्य रहेको छ [१८] । उक्त योजना कार्यान्वयनको लागि निर्धारण गरिएका आठ वटा राष्ट्रिय रणनीतिहरुमध्ये प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने एक रहेको छ । जसमा ... प्राकृतिक स्रोतको उपयोग गर्दा जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलनमा जोड दिइने जलवायु परिवर्तन अनुकुलन र विपद् जोखिम न्यूनीकरण गर्ने रणनिति लिइने, विपद् व्यवस्थापनको पूर्वतयारी, उद्धार, राहत र पुनर्स्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहको संस्थागत र संरचनागत सुधार एवम् विकास प्रक्रियामा मूल प्रवाहीकरण गरिने उल्लेख छ ।

**नेपाल: दिगो विकास लक्ष्यहरु:** नेपालले दिगो विकास लक्ष्य २०१५ - २०३० का विश्वव्यापी लक्ष्यलाई कार्यान्वयन गर्नको लागि नेपालः दिगो विकास लक्ष्यहरु तय गरेको छ । आर्थिक विकास, सामाजिक समानता र वातावरणीय सन्तुलनका तीन वटा आयामहरुमा आधारित दिगो विकासको अवधारणामा तयार भएको दिगो विकास लक्ष्यले यसका विभिन्न परिमाणात्मक लक्ष्यभित्र विपद् जोखिम न्यूनीकरणका सूचकहरु समेटेको छ । गरिवी र संकटग्रस्त अवस्थामा रहेका मानिसहरुको उत्थानशीलता निर्माण गर्ने र यस्ता मानिसहरुको वातावरणसँग सम्बन्धित विषम घटनाहरुका साथै अन्य आर्थिक सामाजिक र वातावरणीय नकारात्मक धक्काहरु, विपद्का जोखिमहरु र कमजोरपनालाई कम गर्ने, विपद्का कारण मृत्यु हुने बेपत्ता भएका व्यक्तिहरु र प्रत्यक्ष रुपमा प्रभावित व्यक्तिहरुको सङ्ख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागू गर्ने स्थानीय सरकारको अनुपात बढाउने [१९] , जस्ता विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका सूचकहरु समेत समेटिएको छ । यसरी नेपालले दिगो तथा उत्थानशील विकास र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तहमा रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

**विद्यालय क्षेत्र विकास योजना, २०१६-२०२१:** यस योजनाको उद्देश्य पूरा गर्ने पाँचवटा आयामहरु समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यावस्थापन र उत्थानशीलतामध्ये उत्थानशीलतालाई एउटा आयामकै रुपमा समावेश गरेको छ । यस योजनाले बृहत विद्यालय सुरक्षा कार्यढाँचाको [२०] कार्यान्वयन मार्फत निर्माण, पुनर्निर्माण र प्रबलीकरणको माध्यमबाट विभिन्न प्रकारका जोखिमहरुलाई ध्यान दिँदै सुरक्षित सिकाई सुविधाहरु सुनिश्चित गर्ने, सङ्घीय, प्रादेशिक, स्थानीय स्तरमा विद्यालय शिक्षामा विपद् जोखिम व्यवस्थापनलाई संस्थागत र मूलप्रवाहीकरण गर्ने, वृहद् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणलाई विद्यालयको पाठ्यक्रम तथा शिक्षकको पेशागत विकासमा एकिकृत गरी विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति सदस्य तथा समुदायमा प्रवाह गर्ने उद्देश्य लिएको छ । सन् २०३० सम्ममा राष्ट्रव्यापी रुपमा स्रोत परिचालन गरी बृहत् विद्यालय सुरक्षा मूलप्रवाहीकरण गर्ने लक्ष्यका साथ बृहत् विद्यालय सुरक्षा गुरू योजना तयार गरेको छ । बृहत् विद्यालय सुरक्षा गुरु योजनाको लक्ष्य हासिल गर्न विद्यालयको संरचनात्मक सुरक्षा, विपद् व्यवस्थापन र उत्थानशील शिक्षाको क्षेत्रलाई समेटेर सुरक्षित सिकाई वातावरण सुनिश्चित गर्न प्रत्येक विद्यालयमा अनिवार्य रुपमा लागू गर्नुपर्ने न्यूनतम् उपायहरुको प्याकेज तयार गरेको छ ।

नेपालमा दशौं आवधिक योजनाबाट विपद् जोखिम न्यूनीकरणको विषय विकास योजनामा समावेश गरियो भने पन्ध्रौं योजनामा

[१८] पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ – ८०/८१): नेपाल सरकार, राष्ट्रिय योजना आयोग २०७६

[१९] नेपाल दिगो विकासका लक्ष्यहरुः वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, परिमाणात्मक लक्ष्य: १.५, ११.५ र १३.१: नेपाल सरकार, राष्ट्रिय योजना आयोग २०१६

[२०] बृहत् विद्यालय सुरक्षा कार्यढाँचा (Comprehensive School Safety Framework) लैंगिक समानता, बालमैत्री, अपांगतामैत्री, र समावेशी मान्यता अनुरुप सुरक्षित सिकाई सुविधा, विद्यालय विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र उत्थानशील शिक्षाका लागि एकिकृत क्रियाकलापको बृहत अवधारणा, जुन विश्वव्यापी रुपमा कार्यान्वयनमा आएको छ ।

आइपुग्दा विपद् जोखिम न्यूनीकरणका थुप्रै विषयवस्तु विकास लक्ष्यमा समावेश गरिएको छ । दिगो विकास लक्ष्यले विकासको एउटा आयाम नै सन्तुलित वातावरणलाई स्वीकार गरिसकेपछि जोखिम सुसूचित विकासको अभ्यास र उत्थानशीतलाको एजेण्डा विकास योजनामा प्रवेश गरिसकेको छ । दिगो विकास लक्ष्य, पन्ध्रौं योजना र अन्य क्षेत्रगत योजनाहरुले विपद् जोखिम न्यूनीकरणका गतिविधिहरुलाई विकासको दिगोपनाको लागि अनिवार्य शर्तको रुपमा अङ्गिकार गरेका छन् ।

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५ ले विपद् जोखिम व्यवस्थापनको संस्थागत संरचना निश्चित गरेको छ । सङ्घीय संरचना अनुसार तीन वटै तहको काम कर्तब्य र अधिकार तोकिएको छ । विभिन्न क्षेत्रगत नीति र रणनीतिहरुले विपद् जोखिम न्यूनीकरणलाई अवलम्बन गरेका छन् । एकिकृत रुपमा अन्तर्राष्ट्रिय कार्यढाँचा र राष्ट्रिय आवश्यकता अनुसार विपद् जोखिम न्यूनीकरणको मूल नीति तयार भएको छ भने विपद् जोखिम न्यूनिकरण र उत्थानशील विकासमा सहयोग पुर्‍याउनका लागि विपद् जोखिम न्यूनीकरणका सबै पक्षहरुलाई समेटेर राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० कार्यान्वयनमा आएको छ । यी राष्ट्रिय दस्तावेजहरुले नेपालको विपद् जोखिम न्यूनीकरण र व्यावस्थापनको लक्ष्य, गन्तव्य, प्राथमिकता र संरचनागत आधार तय गरेका छन् । यसको आधारमा सङ्घीय व्यवस्था अनुरुप स्थानीय विशेषता र आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रादेशिक र स्थानीय तहका लागि नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा गरी कार्यान्विन गर्न आवश्यक छ ।

## २.३ प्रादेशिक अभ्यास

नेपालको संविधानको अधिकार बाँडफाँट सम्बन्धी अनुसूचीले विपद् व्यवस्थापन तीनवटै तहका सरकारको साझा अधिकारको रुपमा सूचीकृत गरेपछि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्रदेशमा प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति रहने व्यवस्था गरेको छ । प्रदेश विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार अन्तर्गत विभिन्न १९ वटा कामहरु तोकिएको छ । जसमा प्रदेशले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, नियम, मापदण्ड, कार्यविधि तर्जुमा गरी लागू गर्ने, पूर्वतयारीका लागि पूर्व सूचना प्रणाली, विपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना र खोज, उद्दार तथा राहतको पूर्वतयारी गर्ने, विपद् प्रतिकार्यका लागि राहत सामग्रीको प्रबन्ध, अस्थायी आश्रयस्थलको व्यवस्थापन गर्ने, आपत्कालीन व्यवस्थापनमा संकटग्रस्त क्षेत्र घोषणाको लागि सिफारिस, असुरक्षित स्थानमा रहेका व्यक्तिको सुरक्षित स्थानान्तरण बजार तथा गुणस्तर नियन्त्रण, सूचना व्यवस्थापन र रिपोटिङ्, विपद् सम्बन्धी सूचनाको संकलन भण्डारण र सम्प्रेषण, विपद् व्यवस्थापनका सबै चरणका कार्यहरुमा समन्वय र अनुगमन तथा मूल्याङ्कन र कोष सञ्चालन सम्बन्धी काम गर्ने अधिकार प्रदेशलाई रहेको छ । प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय विपद् जोखिम व्यवस्थापनको लागि जिम्मेवार मन्त्रालय हो । यस मन्त्रालय अन्तर्गत विपद् व्यवस्थापन शाखा र प्रदेश आकस्मिक कार्य सञ्चालन केन्द्र सञ्चालित छन् ।

**कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ तर्जुमा गरी लागू गरेको छ । प्रदेश विपद् व्यवस्थापन परिषद्को गठन र काम कर्तब्य अधिकार सम्बन्धी व्यवस्था, कार्यकारी समितिको गठन तथा काम कर्तब्य र अधिकार, सुझाव समिति गठन गर्न सक्ने व्यवस्था, प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी व्यवस्था, वस्तुगत सहायता सामग्री सम्बन्धी व्यवस्थाका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित अन्य विविध दफामा प्रदेशको विपद् व्यवस्थापन सम्बन्धी नियमहरुलाई यस नियमावलीमा व्यवस्थित गरिएको छ । प्रदेश विपद् कार्यकारी समितिको काम कर्तब्य र अधिकारमा विपद् व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा योजना तयार गरी लागू गर्ने उल्लेख छ ।

**कर्णाली प्रदेश आकस्मिक कोष ऐन, २०७५:** भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता विपद् लगायत अन्य आकस्मिक वा अप्रत्यासित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल चाहिने खर्चको लागि व्यवस्था गर्न कर्णाली प्रदेश आकस्मिक कोष ऐन, २०७५ जारी गरेको छ । प्रदेश सरकारले प्रदेश आकस्मिक कोषबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्ने व्यवस्था गरेको छ ।

**एकिकृत बस्ती विकास कार्यक्रम सञ्चालान कार्यविधि,२०७८:** प्रदेश सरकारले कर्णाली प्रदेशका विभिन्न विकट क्षेत्रमा छरिएर रहेका बस्ती, बाढी, पहिरो लगायतका प्राकृतिक विपद्को उच्च जोखिममा रहेका र आफ्नो घर जग्गा नभएका व्यक्तिको संरक्षण उत्थान शसक्तिकरण तथा विकास गर्दै आधारभूत एवम् सुरक्षित आवासको व्यवस्थाका लागि एकिकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ तयार गरेको छ । यस कार्यक्रमका लागि प्रकोपको उच्च जोखिममा रहेका विपद् प्रभावित, सुकुम्बासी, दलित, सिमान्तकृत र छरिएको बसोबास भएको क्षेत्रलाई लाभग्राही छनोटमा प्राथमिकता दिइने उल्लेख छ ।

**विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि,२०७६:** प्रदेश सरकारले कर्णाली प्रदेशको भौगोलिक बिकटता, जटिलता, संवेदनशीलता र पटक पटकका विपद्का घटनालाई दृष्टिगत गर्दै विपद् जोखिम न्यूनीकरण गर्न र नागरिकहरुलाई बीमा मार्फत जोखिम सुरक्षाको प्रत्याभूत गर्दै विपद् पश्चात राहतका रुपमा गरिने खर्चलाई जोखिम हिस्सेदारी मार्फत परिपूरण गर्न विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ । कर्णाली प्रदेशका सबै बासिन्दाहरुको विपद्बाट हुन सक्ने जोखिमको लागि जीवन बीमाको शुरुवात भएको छ ।

**कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६/७७:** २०७६ मा तयार गरिएको प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले भौगोलिक जटिलता, मौसमी प्रतिकूलता, छरिएर रहर्को बस्ती गुणस्तरीय पूर्वाधारको अभाव, पूर्व सजगता र पूर्वतयारीको कमी, दक्ष जनशक्ति तथा आधुनिक उपकरण र बन्दोबस्तीका सामानहरुको अपर्याप्तलालाई यस प्रदेशको विपद् व्यवस्थापनको प्रमुख समस्याको रुपमा लिएको छ । विपद् जोखिमबाट सुरक्षित र उत्थानशील प्रदेश बनाउने सोंच, विपद् जोखिम तथा प्रभाव न्यूनीकरण गर्ने लक्ष्य तथा प्रभावकारी पूर्वतयारी गरी विपद्बाट हुने क्षतिलाई न्यून गर्ने र प्रदेशको विपद् न्यूनीकरण र प्रतिकार्य क्षमता विकास गर्ने उद्देश्य लिएको प्रथम पञ्चवर्षीय योजनाले विपद् व्यवस्थापका तीन वटा मुख्य रणनीति र बीस वटा कार्यनीतिहरु तय गरेको छ ।

**कर्णाली प्रदेशको नीति तथा कार्यक्रम:** प्रदेश सरकारले प्रदेशको नीति कार्यक्रम तथा वार्षिक बजेट मार्फत २०७६/७७ देखि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवाललाई सम्बोधन गर्दै आएको छ । कर्णाली प्रदेशको नीति तथा कार्यक्रम २०७९/८० मा यस प्रदेशको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापन लागि स्थानीय तह, सुरक्षा निकाय र सम्बद्ध संघ सस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन नीतिगत र संस्थागत सबलीकरण गरिएको छ । वडा तहसम्मको विपद् जोखिम नक्शाङ्कन तथा प्रतिकार्य योजना तयार गरिने । स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था र निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कामलाई अघि बढाइने । प्रदेश र स्थानीय तहमा रहने विपद् व्यवस्थापन कोषलाई योगदानमा आधारित आत्मनिर्भर र दिगो बनाउन सिर्जनात्मक कार्यक्रम सञ्चालन गरिने । सम्पूर्ण कर्णालीवासी, राष्ट्र सेवक र गैरसरकारी संघ संस्थामा कार्यरत कर्मचारीलाई गरिदै आएको सामुहिक विपद् जोखिम दुर्घटना बीमालाई निरन्तरता दिइने । विपद् सम्बन्धि सचेतनामुलक सामग्री पत्रपत्रिका, एफ. एम. रेडियो र टेलिभिजनबाट प्रचार प्रसार तथा प्रकाशन गरी जनचेतना अभिवृद्धि गरिने । विपद् सम्वेदनशील क्षेत्रमा विपद् सूचना प्रणाली जडान गरि निगरानी केन्द्र समेत स्थापना गरिने तथा विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदारणीय कार्य गर्ने व्यक्तिलाई

पुरस्कृत गरिने कुरा नीति तथा कार्यक्रममा समेटिएको छ ।

कर्णाली प्रदेशको बजेट बक्तव्य २०७९/८० मा विपद् व्यवस्थापन शीर्षकमा बजेट विनियोजन गरिएको छ । विपद सम्बन्धी सचेतनामुलक सामग्री उत्पादन, आम संचारका माध्यमबाट प्रकासन, प्रचार प्रसार सम्बन्धि कार्यक्रम संचालन तथा विपद् सम्वेदनशील क्षेत्रमा पूर्व सूचना प्रणाली जडान गरी निगरानी केन्द्र स्थापना गर्ने व्यवस्था गरिएको छ । वडा तहसम्मको विपद् जोखिम नक्शाङ्कन तथा प्रतिकार्य योजना तयार गर्न बजेट बिनियोजन गरिएको छ । कर्णाली प्रदेशका आम नागरिक, राष्ट्रसेवक र विभिन्न संघ संस्थामा कार्यरत कर्मचारीको लागि सामुहिक विपद् दुर्घटना बीमा गर्न रु. १ करोड ७५ लाख विनियोजन गरिएको छ । यो जोखिम हिस्सेदारीका हिसावले महत्वपूर्ण थालनी हो, जसले विपद् पश्चातको राहतका लागि हुने राज्यको खर्चलाई घटाउन र प्रभावितहरुलाई यथोचित सहायता उपलब्ध गराउन प्रभावकारी र सहयोगी हुने अपेक्षा गरिएको छ ।

कर्णाली प्रदेश सरकारले संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक कानून तथा कार्यविधि तयार गरिरहेको छ भने वार्षिक योजना र विभिन्न कार्यक्रम मार्फत विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरुको कार्यान्वयन शुरु गरेको छ । यस सन्दर्भमा प्रादेशिक तहमा विपद् जोखिम न्यूनीकरणको लागि विपद् व्यवस्थापनका सबै चरणलाई समेटेर अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कार्यढाँचा नीति र कार्ययोजनाका आधारमा स्पष्ट लक्ष्य, उद्देश्य र प्राथमिकता प्राप्त कार्यहरु सहितको विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति र रणनीतिक कार्ययोजना तयार गरेको छ ।

## २.४ विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

वि. सं. २०७६ भदौमा बसेको कर्णाली प्रदेश विपद् जोखिम व्यवस्थापन कार्यकारी समितिको बैठकले विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना तयार गर्ने निर्णय गरेपश्चात अन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको संयोजकत्वमा प्रदेश सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधि, सरोकारवाला निकायहरुका प्रादेशिक तहका प्रतिनिधिहरु र यूएनडिपीका विज्ञ रहेको व्यवस्थापन समिति गठन गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको नेतृत्वमा एक जना विज्ञ समेत रहेको चार जनाको मस्यौदा तयारी समिति गठन गरियो । यसै बैठकबाट पारित गरिएको कार्यतालिकाको आधारमा रही मस्यौदा तयारी समितिले विगतका विपद्को तथ्याङ्क र यसभन्दा अघि गरिएका अध्ययनहरुका आधारमा कर्णाली प्रदेशको विपद् जोखिमको विश्लेषण गरी विपद् जोखिमको प्रादेशिक परिदृष्य र विद्यमान नीतिगत तथा कानूनी व्यवस्थाको पुनरावलोकन गरी प्रतिवेदन तयार गर्‍यो । २०७६ असोजमा व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले प्रदेशको विपद् पाश्वचित्रलाई अनुमोदन गरी विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्य योजनाको लक्ष्य, क्षेत्र र प्राथमिकता तय गर्‍यो र यसैका आधारमा मस्यौदा तयारी समितिले २०७६ कार्तिकमा प्रथम मस्यौदा तयार पार्‍यो । उक्त मस्यौदामाथि विभिन्न क्षेत्रगत समूहमा प्रादेशिक तहका सरोकारवालहरुबीच छलफल तथा परामर्श भयो । २०७६ माघमा उक्त मस्यौदामाथि कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहका प्रमुख र उपप्रमुखहरुसँग छलफल तथा परामर्श गोष्ठीको आयोजना स्थानीय तहका प्रतिनिधिहरुबाट प्राप्त सल्लाह, सुझाहरु समेतलाई समेटेर दोस्रो मस्यौदा तयार गरियो । २०७९ साल जेठ ३० गते कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आयोजनामा मुख्यमन्त्री तथा तथा प्रमुख सचिव समेतको उपस्थितिमा प्रदेश विपद् व्यवस्थापन परिषद्का सदस्यहरु तथा सरोबारवालाहरुबीच कर्णाली प्रदेशको विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजनाको अन्तिम मस्यौदा प्रस्तुत गरिएको थियो । तत्पश्चात मिति २०७९/३/१४ गते बसेको कर्णाली प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकबाट स्वीकृत भई लागू गरिएको छ ।

# अध्याय तीन: विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति

## ३.१ सोंच

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकूलित र दिगो विकासको अभ्यास मार्फत सुरक्षित, उत्थानशील तथा सम्वृद्ध प्रदेशको निर्माण ।

## ३.२ लक्ष्य

जोखिम सुसूचित विकास निर्माणको अभ्यास तथा विपद् जोखिम न्यूनीकरणका उपायहरु मार्फत महत्वपूर्ण पूर्वाधार, आधारभूत सेवा र जीविकोपार्जनका स्रोत साधनहरुमाथिको विपद् जोखिम न्यूनीकरण गरी विपद्बाट हुने मानवीय क्षति, प्रभावितको सङ्ख्या, आर्थिक क्षति, तथा विपद्को कारण हुने संवेदनशील पूर्वाधार र आधारभूत सेवाको अवरोध कम गर्दै सुरक्षित, उत्थानशील र सम्वृद्ध कर्णाली प्रदेश निर्माणमा योगदान पुऱ्याउने ।

## ३.३ उद्देश्यहरु

- अध्ययन, अनुसन्धान, शिक्षा तथा सूचनाको आदान प्रदान मार्फत सबै तहमा विपद् जोखिम सम्बन्धी बुझाई अभिवृद्धि गर्ने ।
- प्रादेशिक तहमा आवश्यक संस्थागत, नीतिगत तथा कानूनी प्रबन्ध गरी विपद् जोखिम सुशासनको सुदृढीकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरुलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण र आन्तरिकीकरण गरी उत्थानशीलता विकास गर्ने ।
- विपद् व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण तथा बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास एवम् विस्तार गरी विपद् सम्बन्धी सूचनामा समुदायको पहुँच बढाउने ।
- बहु-प्रकोप जोखिम लेखाजोखा तथा सूचनाको आधारमा पर्याप्त पूर्वतयारी गरी प्रतिकार्यलाई प्रभावकारी बनाउने ।
- विपद् पश्चातको पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभका क्रियाकलापहरुमा "अझ राम्रो अझ बलियो" अवधारणा अवलम्बन गरी जोखिम न्यूनीकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक एवम् निजी क्षेत्रको लगानी वृद्धि गरी दिगो विकासमा सहयोग पुऱ्याउने ।

## ३.४ अवधारणा

- नेपालको संवैधानिक व्यवस्था बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझा अधिकार क्षेत्रको रुपमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यको सिद्धान्तलाई अवलम्बन गर्ने ।
- जोखिम सुसुचित र उत्थानशील विकासको अवधारणा अवलम्बन गर्ने ।
- विपद् सुशासनको सिद्धान्त अनुरुप सहभागीता, जवाफदेहिता र पारदर्शिताको आधारमा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने ।
- बहु-प्रकोप जोखिम लेखाजोखा र सूचनामा आधारित विपद् पूर्वतयारी तथा प्रतिकार्यको सिद्धान्त अवलम्बन गर्ने ।
- विपद् जोखिम व्यवस्थापनमा विज्ञान तथा प्रविधिको अधिकतम् प्रयोगमा आधारित स्थानीय साधन, स्रोत, ज्ञान र सीपको अत्याधिक उपयोगको अवधारणा अवलम्बन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सार्वजनिक एवम् निजी क्षेत्रको लगानी प्रवर्धन गर्न नवप्रवर्तनमुखी वित्तिय लगानीको अवधारणा अवलम्बन गर्ने ।
- पुनर्लाभ पुनर्स्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो अझ बलियो" को अवधारणा अवलम्बन गर्ने ।

## ३.५ नीति तथा रणनीतिहरु

१. प्रदेशको बहु-प्रकोपमा आधारित विपद् जोखिम लेखाजोखा तथा नक्शाङ्कन र जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

- प्रदेशको जोखिम संवेदनशील भू उपयोग नीति तथा भू-उपयोग योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- जोखिम संवेदनशील भू-उपयोग योजनाका आधारमा जमीनको वर्गीकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा बस्ती विकास तथा संरचना निर्माणलाई निरुत्साहित गरिनेछ ।
- प्रदेशका प्रमुख नदी तथा जलाधारहरुमा नदी तथा जलाधार व्यवस्थापनको अवधारणामा आधारित जलाधार व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- बहु-प्रकोपमा आधारित विपद् जोखिमको लेखाजोखा र नक्शाङ्कन गरी यसको आधारमा जोखिम न्यूनीकरण र पूर्वतयारीका गतिविधि सञ्चालन गरिनेछ ।
- प्रदेशका सबै विद्यालय तथा स्वास्थ्य संस्था र सार्वजानिक भवनहरुको संरचनात्मक र गैर संरचनात्मक जोखिम लेखाजोखा गरिनेछ ।

२. प्रदेशमा आधुनिक प्रविधिमा आधारित प्रभावकारी विपद् सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।

- केन्द्रिय प्रणालीमा एकिकृत गरी दुर संवेदन प्रणाली (Remote Sensing), भौगोलिक सूचना प्रणाली (Geographical Information System) र खुला स्रोत (Open Source) प्रविधिमा आधारित विपद् सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।
- केन्द्रिय प्रणालीसँग समन्वय गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि आधुनिक सूचना प्रविधिमा आधारित सूचना तथा सञ्चार प्रणालीको स्थापना र प्रयोग गरिनेछ ।
- कर्णाली प्रदेशमा बारम्बार दोहोरिने प्रकोपहरु (बाढी, पहिरो, चट्याङ्, हावाहुरी, महामारी, आगलागी र सडक दुर्घटना) को नियमित रुपमा अनुगमन तथा पूर्वानुमानको साथै पूर्वसूचना प्रणालीको विकास गरी पूर्वानुमानको आधारमा पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३. अध्ययन, अनुसन्धान तथा सूचनाको आदान प्रदान मार्फत विपद् जोखिम एवम् न्यूनीकरण सम्बन्धी ज्ञान र चेतनाको विस्तार गरिनेछ ।

- विपद् व्यवस्थापन सम्बन्धी विषय विद्यालयदेखि उच्च शिक्षासम्मको पाठ्यक्रममा समावेश गरी पठन पाठन र अध्ययन अनुसन्धानको व्यवस्था गरिनेछ ।
- प्रदेश तहको विपद् जोखिमको अध्ययन अनुसन्धानमा सरकारी निकायहरु, विकास साझेदार संस्थाहरु, निजी तथा गैर सरकारी संस्थाहरु, विश्वविद्यालय र अनुसन्धान केन्द्रहरुबीचको समन्वय र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
- विपद् जोखिम सम्बन्धी बुझाईलाई अभिवृद्धि गर्न समुदाय स्थानीय तह तथा प्रदेश तहमा विभिन्न तालिम तथा आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

४. भौतिक पूर्वाधार तथा संरचनाहरुको डिजाइन, निर्माण र व्यावस्थापनमा विपद् सुसुचित, उत्थानशील तथा सुरक्षित नीति अवलम्बन गरिनेछ ।

- विपद् जोखिमबाट सुरक्षित भवन निर्माणका लागि भवन सम्बन्धी कानून तथा भवन संहिता र स्थानीय मापदण्ड तयार गरी लागू गरिनेछ ।
- भौतिक पूर्वाधारहरुको डिजाइन तथा निर्माणमा जोखिम सुसूचित, उत्थानशील र वातावरण अनुकूलित पूर्वाधार

निर्माणको नीति अवलम्वन गरिनेछ ।

- विकास निर्माणका ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा डिजाइनमा विपद् जोखिम तथा जलवायु परिवतर्नको प्रभावसम्बन्धी मूल्याङ्कनलाई अनिवार्य गरिनेछ ।
- ठूला आयोजनाहरुको निर्माण तथा व्यवस्थापनमा विपद् र जलवायु परिवर्तनको जोखिम मूल्याङ्कनका आधारमा जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिनेछ ।
- प्रबलीकरण गरी सार्वजनिक भौतिक संरचनाहरुको विद्यमान विपद् जोखिम न्यूनीकरण गरिनेछ ।
- बृहत् विद्यालय सुरक्षा अवधारणाको कार्यान्वयन गरी प्रदेशका सबै विद्यालयहरुलाई सुरक्षित बनाइनेछ ।
- सार्वजनिक भौतिक संरचनाहरु सुरक्षित र जेष्ठ नागरिकमैत्री, लैंगिकमैत्री, अपाङ्गमैत्री एवम् बालमैत्री बनाइनेछ ।

५. प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित संस्थागत संरचना निर्माण एवम् सुदृढीकरण गरिनेछ ।

- प्रादेशिक आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई पर्याप्त आधुनिक उपकरण र जनशक्तिको प्रबन्ध गरी चौबीसै घण्टा सञ्चालनको व्यवस्था गरिनेछ ।
- कर्णाली प्रदेशका सबै स्थानीय तहमा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनर्स्थापना र पुनर्लाभका सबै चरणहरुमा काम गर्नको लागि प्रदेश र स्थानीय तहबीच तथा सरकारी र अन्य सहयोगी निकायहरुबीच प्रभावकारी संयन्त्रको निर्माण गरी काम गरिनेछ ।
- प्रदेशका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई समन्वयात्मक ढंगले कार्यान्वयन गर्नका लागि आवश्यक संस्थाहरुको स्थापना गरिनेछ ।

६. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक एवम् निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन गरिनेछ ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापनका लागि प्रदेश सरकारबाट वार्षिक रुपमा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्र, वित्तिय संस्था, बीमा कम्पनी, विकास साझेदार निकाय, दातृ संस्था आदिको लगानी प्रवर्धन र परिचालन गरिनेछ ।
- सबै तह वा क्षेत्रको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रक्रियामा निजी क्षेत्रको सहभागिता र लगानी प्रोत्साहित गरिनेछ ।

७. जोखिम हिस्सेदारी तथा हस्तान्तरणका उपायहरु मार्फत उत्थानशीलता वृद्धि गरिनेछ ।

- कर्णाली प्रदेशका सबै नागरिकहरुको विपद् तथा आकस्मिक दुर्घटनाबाट हुने मृत्युको लागि सामुहिक जीवन बीमा कार्यक्रमलाईप्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।
- विपद् तथा आकस्मिक दुर्घटनाबाट घाइते भएकाहरुको उपचारको लागि सामुहिक दुर्घटना बीमा गरिनेछ ।
- सङ्कटासन्न अवस्थामा रहेका समुदायको घर, सम्पत्ति, कृषि, बाली, पशुपंक्षी, तथा व्यावसायको बीमा गराउन प्रोत्साहन गरी सहज पहुँचको व्यवस्था गरिनेछ ।
- विपद्‌बाट हुनसक्ने क्षतिको लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक एवम् स्वास्थ्य सम्बन्धी संरचनाहरु, खानेपानी लगायतका अन्य भौतिक संरचनाहरुको अनिवार्य बीमा गर्न प्रोत्साहन गरिनेछ ।
- शुरुमा प्रदेश सरकारले विपद् बीमाको लागि प्रोत्साहन स्वरुप बीमा शुल्क तिरिदिने र क्रमश: स्थानीय सरकारसँग साझेदारी गर्दै बीमा शुल्क व्यक्ति आफैंले तिर्ने र सरकारले राहत तथा बीमाको लागि गर्ने खर्चलाई जोखिम न्यूनीकरणको

लागि लगानी गर्ने नीति लिइनेछ ।

८. प्रभावकारी प्रतिकार्यको लागि सबै तह र क्षेत्रमा पर्याप्त पूर्वतयारी गरिनेछ ।

- प्रदेश र स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।
- सबै सरकारी निजी तथा गैर सरकारी क्षेत्रहरुको व्यावसाय निरन्तरता योजना बनाई कार्यान्वयन गरिनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि खुला क्षेत्रको पहिचान विकास र व्यवस्थापन दुर्गम स्थानहरुमा हेलिप्याडको निर्माण एवम् व्यवस्थापन गर्नुको साथै जोखिममा रहेका समुदायको लागि सुरक्षित र पहुँचयुक्त आश्रयस्थलको निर्माण गरिनेछ ।
- प्रदेश तथा स्थानीय तहमा कानून बमोजिम विपद् व्यवस्थापन कोषको व्यवस्था गरी स्रोत परिचालन गरिनेछ ।
- प्रदेश तथा स्थानीय तहमा आपत्कालीन भण्डारण गृहको स्थापना, विकास र विस्तार गरी आवश्यक पर्ने उद्धार तथा राहत सामग्रीको भण्डारण गरिनेछ ।
- विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहमा सबै क्षेत्रका सरोकारवालाहरुको सहभागिता रहने र परिचालन हुने गरी क्षेत्रगत पद्धति (Cluster approach) लाई कार्यान्वयनमा ल्याइनेछ ।

९. विपद् पश्चातको प्रतिकार्य, पुनर्स्थापना एवम् पुनर्लाभमा "अझ राम्रो अझ बलियो"को अवधारणा बमोजिम काम गरिनेछ ।

- विपद् पश्चात गरिने पुनर्लाभ, पुनर्स्थापना, र पुनर्निर्माणका कार्यमा भविष्यमा सृजना हुन सक्ने विपद् जोखिमको आँकलन गरी "अझ राम्रो अझ बलियो"को अवधारणा अपनाइनेछ ।
- ठूला विपद्पछिको पुनर्निर्माणको कार्यलाई बहु-प्रकोप प्रतिरोधक र अझ बलियो बनाउन नीतिगत र संस्थागत संरचनाको निर्माण गरिनेछ ।
- पुनर्स्थापना, पुनर्निर्माण र पुनर्लाभका कार्यमा बहु-प्रकोप जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिनेछ ।

१०. विपद् जोखिम न्यूनीकरणका लागि समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।

- समुदाय स्तरको विपद् जोखिम न्यूनीकरणका लागि समुदायमा आधारित सामुदायिक संस्था, उपभोक्ता समिति र लक्षित समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण र तत्काल प्रतिकार्यको लागि समुदाय स्तरमा स्वयंसेवी कार्यदल तयार गरी प्रथम उद्धारक (First responder) को रुपमा परिचालन गरिनेछ ।
- समुदाय स्तरको विपद् जोखिम न्यूनीकरणमा सामुदायिक तथा सहकारी संस्थाहरुको सहभागिता र लगानीलाई प्रोत्साहन गरिनेछ ।
- विपद् जोखिम व्यवस्थापनका लागि सामुदायमा आधारित संस्था तथा समुदायका स्वयंसेवी समूहहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- विपद् व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयनका सबै चरणहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीता सुनिश्चित गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी गतिविधिहरुमा विपद् प्रभावित तथा जोखिममा रहेका समुदाय / समूहको सहभागिता तथा पहुँच सुनिश्चित गरिनेछ ।

# अध्याय चार: विपद् जोखिम न्यूनीकरण प्रादेशिक रणनीतिक कार्ययोजना

## ४.१ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु

कर्णाली प्रदेशको विपद् जोखिमको अवस्थाका आधारमा विपद् जोखिम न्यूनीकरणको विषयलाई सम्बोधन गर्न तथा विपद् जोखिम न्यूनीकरण प्रादेशिक र राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजनाका लक्ष्य पूरा गर्न सहयोगी हुने गरी विपद् जोखिम न्यूनीकरण प्रादेशिक रणनीतिक कार्ययोजनाका देहाय बमोजिम लक्ष्य तथा सूचकहरु तय गरिएको छ ।

**तालिका ४:**
**विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु**

| क्र.सं. | सूचक | आधार रेखा २०२२ को औसत | अल्पकालीन लक्ष्य २०२३ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष २०३० सम्म |
|---|---|---|---|---|---|
| १ | प्रदेशमा विपद्बाट हुने मानवीय क्षतिको दर उल्लेख्य मात्रामा कम गर्ने | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या | ११०* | ९० | ४० | २० |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत सङ्ख्या | १४४*** | १२० | ८० | ४० |
| २ | विपद्बाट प्रभावित व्यक्तिहरुको सङ्ख्या उल्लेख्य मात्रामा कम गर्ने | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरुको वार्षिक औसत सङ्ख्या | १५९४* | १४०० | १००० | ३०० |
| २.२ | विपद्बाट घाइते / संक्रमित हुने व्यक्तिहरुको वार्षिक औसत सङ्ख्या | १७८९* | १२०० | ५०० | ५० |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुनेको वार्षिक औसत सङ्ख्या | ४१२*** | ३५० | ३०० | ६० |
| २.४ | विपद्बाट क्षति हुने घरहरुको वार्षिक औसत सङ्ख्या | ७३३* | ५०० | ३०० | १०० |
| ३ | विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षति उल्लेख्य रुपमा कम गर्ने | | | | |
| ३.१ | विपद्बाट नोक्सान हुने वार्षिक औसत आर्थिक क्षति | १४७ करोड* | २० प्रतिशत घटाउने | ४० प्रतिशत घटाउने | ८० प्रतिशत घटाउने |
| ४ | आधारभूत सेवाहरु र महत्वपूर्ण पूर्वाधारमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रुपले कम गर्ने | | | | |
| ४.१ | स्वास्थ्य संस्थाका भवनहरुको प्रबलीकरण गरी उत्थानशीलता विकास | ३६१** | २० % | ५० % | १०० % |
| ४.२ | विद्यालय भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास | ३१९९** | २० % | ५० % | १०० % |
| ४.३ | सार्वजनिक र सरकारी भवनहरुको प्रबलीकरण गरी उत्थानशीलता विकास | | २० % | ५० % | १०० % |
| ४.४ | सांस्कृतिक सम्पदाहरुको प्रबलीकरण गरी उत्थानशीलता विकास | | २० % | ५० % | १०० % |
| ४.५ | खानेपानी संरचनाहरुको मर्मत गरी उत्थानशीलता विकास | | २० % | ५० % | १०० % |
| ४.६ | एकिकृत जलस्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत | | २० % | ५० % | १०० % |
| ४.७ | बायो इन्जिनियरिङ प्रविधिद्धारा नदी किनारको संरक्षणको सङ्ख्या | | | | |
| ४.८ | संरक्षित जलाधारहरुको सङ्ख्या | | | | |
| ४.९ | संरक्षित ताल सिमसार तथा पोखरीहरुको सङ्ख्या | | | | |
| ४.१० | जलवायु स्मार्ट कृषि प्रवर्धन भएका गाउँहरुको सङ्ख्या | | | | |

| क्र.सं. | सूचक | आधार रेखा २०२२ को औसत | अल्पकालीन लक्ष्य २०२३ सम्म | मध्यकालीन लक्ष्य २०२५ सम्म | दीर्घकालीन लक्ष २०३० सम्म |
|---|---|---|---|---|---|
| ५ | स्थानीय तहहरुमा विपद् जोखिम रणनीति र कार्ययोजना तयार गर्ने | | | | |
| ५.१ | विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने स्थानीय तहहरुको प्रतिशत | | १०० | | |
| ५.२ | विपद् जोखिम पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार गर्ने स्थानीय तहहरुको प्रतिशत | | १०० | | |
| ५.३ | पुनर्लाभ, पूनर्स्थापना तथा पुनर्निर्माणका लागि अझ राम्रो र बलियो निर्माणको सिद्धान्तका आधारमा श्रोतहरु व्यवस्थापन र कार्यान्यन गर्ने निकायहरुको प्रतिशत | | २० | ५० | १०० |
| ६ | बहु-प्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको व्यवस्थापन र उपलब्धतामा उल्लेख्य वृद्धि गर्ने | | | | |
| ६.१ | कुल क्षेत्रफलको अनुपातमा बहु-प्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | २० | ५० | १०० |
| ६.२ | विपद् प्रभावित क्षेत्रको अनुपातमा सूचना प्रणाली मार्फत पूर्व सूचना प्राप्त गर्ने जनसङ्ख्याको प्रतिशत | | २० | ५० | १०० |
| ६.३ | पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि तयार भएका स्थानीय तहहरुको प्रतिशत | | ५० | १०० | |
| ६.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना एवम् जानकारी समुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरुको प्रतिशत | | २० | ५० | १०० |
| ६.५ | पूर्व सूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसङ्ख्याको प्रतिशत | | ३० | ६० | १०० |

आधाररेखा तथ्याङ्कको स्रोतः

*विगत १३ वर्षमा विपद्बाट भएको क्षतिको तथ्याङ्कको आधारमा तयार गरिएको कर्णाली प्रदेशको विपद् जोखिम प्रोफाइल २०७९, तथ्याङ्क स्रोत गृह मन्त्रालय, डिआरआर पोर्टल ।

** तथ्याङ्कमा कर्णाली २०७६, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश ।

*** कर्णाली प्रदेश प्रहरी कार्यालय, वीरेन्द्रनगर सुर्खेत ।

## ४.२ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकताहरु

कर्णाली प्रदेश बहु-प्रकोपको उच्च जोखिममा रहेतापनि प्रदेशको सामाजिक आर्थिक तथा प्राविधिक जनशक्तिको कमजोर अवस्थाका कारण विपद् सामना गर्ने क्षमता कमजोर छ । समुदाय तथा सरोकारवालाहरुमा विपद् जोखिम तथा व्यवस्थापन सम्बन्धी ज्ञान र बुझाई सिमित छ । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा विपद् व्यवस्थापनका लागि विभिन्न नीति, रणनीति,कार्यढाँचा तथा योजनाहरु तयार भएता पनि प्रदेश र स्थानीय तहमा अझै पनि आवश्यक कानूनी तथा नीतिगत प्रबन्धहरु तयार भइसकेका छैनन् । आवश्यक संरचना नबन्नुका साथै विपद् व्यवस्थापनको शासकीय पद्धति सुदृढ र चुस्त हुन सकेको छैन । पूर्वतयारी पर्याप्त रुपमा हुन नसकी पूर्व सूचना प्रणाली तथा विपद् सम्बन्धी सूचना संकलन व्यवस्थापन र आदानप्रदानका लागि व्यवस्थित पद्धति स्थापना नहुँदा विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य प्रभावकारी हुन सकेको छैन । यस प्रकारका विपद् व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण कार्यका लागि आवश्यक पर्याप्त स्रोत परिचालन हुन सकेको छैन । यस सन्दर्भमा उक्त समस्याहरुको सम्बोधन गर्दै माथि निर्धारण गरिएका लक्ष्य र सूचक पूरा गर्नको लागि विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिको आधारमा

विपद् जोखिम न्यूनीकरण प्रादेशिक रणनीतिक कार्ययोजनाका देहायबमोजिम प्राथमिकता प्राप्त क्षेत्र र प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरिएको छ।

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिमबारे बुझाई अभिवृद्धि**

- कर्णाली प्रदेशको बहु-प्रकोप (भूकम्पीय, जलवायुजन्य, जैविक र प्राविधिक) को अवस्था बमोजिम विपद् जोखिमको लेखाजोखा र अनुगमन
- प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास
- विपद् जोखिम सम्बन्धी अध्ययन अनुसन्धान र सचेतना अभिवृद्धि
- बहु-प्रकोप जोखिमको आँकलनका लागि अन्तर निकाय समन्वय

**प्राथमिकता प्राप्त क्षेत्र २: प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

- संस्थागत संरचनाको स्थापना र सुदृढीकरण
- कानूनी तथा नीतिगत व्यवस्था
- विपद् जोखिम सुसासनका लागि क्षमता अभिवृद्धि र सहकार्य
- विपद् जोखिम न्यूनीकरणमा समावेशीकरणको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता वृद्धि गर्न निजी एवम् सार्वजनिक लगानी प्रवर्धन**

- उत्थानशीलता वृद्धिका लागि विकास कार्यमा मूल प्रवाहीकरण
- विपद् जोखिम न्यूनीकरणको लागि सार्वजनिक लगानी वृद्धि
- विपद् जोखिम न्यूनीकरणको लागि निजी क्षेत्रको सहभागिता
- सामाजिक सुरक्षा, बीमा तथा जोखिम हिस्सेदारी मार्फत उत्थानशीलता वृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुन: स्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो"का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

- विपद् पूर्वतयारीको सुदृढीकरण
- विपद् पूर्वतयारीका लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास
- खोज तथा उद्दार क्षमता अभिवृद्धि
- पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो" निर्माण अवधारणा प्रबर्धन
- विपद् पूर्वतयारीका लागि सञ्चार समन्वय तथा सूचना संप्रेसण प्रणालीको सुदृढीकरण
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको प्रबर्धन

# अध्याय पाँच :  विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु

## ५.१ प्राथमिकता प्राप्त क्षेत्र १:  विपद् जोखिमबारे बुझाई

समाज र राज्यको विपद् जोखिम सम्बन्धी बुझाईले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि गरिने समग्र क्रियापलापहरुलाई निर्देशित गर्दछ । प्रकोपको अवस्था र जोखिमसम्बन्धी सही बुझाईले विपद् व्यवस्थापका लागि उचित निर्णय लिन र कार्यक्रमको प्राथमिकता निर्धारण गर्न सघाउ  पुग्दछ । प्रकोपको सम्भावना, समुदायको सम्मुखता तथा संवेदनशीलता र सङ्कटासन्न परिस्थितिले विपद् जोखिम निर्धारण गर्दछ । कर्णाली प्रदेश बहु-प्रकोप (बाढी, पहिरो, चट्याङ्, हावाहुरी, आगलागी, महामारी, भूकम्प) को उच्च जोखिममा छ । कुन कुन स्थान के कस्ता प्रकोपको जोखिममा छन्, कुन कुन समुदाय र कति जनसङ्ख्या सङ्कटासन्न क्षेत्रमा बसोबास गर्दछन् भन्ने कुरा बहु-प्रकोप लेखाजोखा, जोखिम आँकलन तथा नक्शाङ्कनबाट थाहा हुने हुँदा बहु-प्रकोप जोखिम सम्बन्धी अध्ययन अनुसन्धान गरी जोखिम न्यूनीकरणका उपयुक्त उपायहरु अपनाउनु पर्दछ । विपद् जोखिम तथा विपद्को क्षति सम्बन्धी सूचनाहरु व्यवस्थित र अद्यावधिक गरी नीति निर्माता र समुदायलाई सहज उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ । विपद् सम्बन्धी सूचना संकलन, प्रशोधन, व्यवस्थापन तथा त्यसको प्रसारको लागि अन्तर निकाय समन्वय संयन्त्र निर्माण गर्नुपर्ने हुन्छ । यी सवालहरुलाई सम्बोधन गरी विपद् जोखिमबारे बुझाई अभिवृद्धि गर्न देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु अन्तर्गत अल्पकालीन (२०२२ -२०२३), मध्यकालीन (२०२२ -२०२५), दीर्घकालीन (२०२२ - २०३०) र निरन्तर गरिरहनु पर्ने क्रियाकलापको लागि निरन्तर अवधि तोकी रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

**प्राथमिकता प्राप्त कार्यहरु**

- प्रदेशको बहु-प्रकोपको (भूकम्पीय, जलवायुजन्य, जैविक र प्राविधिक) अवस्था बमोजिम विपद् जोखिमको लेखाजोखा र अनुगमन
- प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास
- विपद्  जोखिम सम्बन्धी अध्ययन अनुसन्धान र सचेतना अभिवृद्धि
- बहु-प्रकोप जोखिमको आँकलनका लागि अन्तर निकाय समन्वय

### ५.१.१ प्रदेशको बहु-प्रकोप (भूकम्पीय, जलवायुजन्य, जैविक र प्राविधिक) को अवस्था बमोजिम विपद् जोखिमको लेखाजोखा र अनुगमन

कर्णाली प्रदेश बहु-प्रकोपको उच्च जोखिममा रहेको छ । बहु-प्रकोपको सम्मुखता समुदायको संकटसन्नता र संवेदनशीलताको आधारमा जोखिमको आँकलन र नक्शाङ्कन गर्नुपर्ने हुन्छ । जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी भौगर्भिक अवस्था, भूस्वरुपको विशेषता र जोखिमको स्तरको आधारमा भू-उपयोग क्षेत्र निर्धारण गर्न सके दीर्घकालीन रुपमा विपद् जोखिम घटाउन सकिन्छ । प्रदेशको विपद् जोखिमको लेखाजोखा र आँकलनको लागि देहाय बमोजिम रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | कर्णाली प्रदेशका प्रमुख नदीहरु कर्णाली, भेरी, बबई र तीनका मुख्य सहायक नदीहरुमा बाढी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रुपमा उपलब्ध गराउने | प्रमुख नदीहरुको बाढी प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | मध्यकालीन | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय |

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | प्रदेशका प्रमुख नदीहरु कर्णाली, भेरी, बबई र तीनका मुख्य सहायक नदीका जलाधारहरुमा तत्कालीन जल सतह र वर्षा मापन तथा अवलोकन प्रणाली स्थापना र विस्तार गर्ने | नदीहरुको जल सतह तथा वर्षा सम्बन्धी तत्कालीक सूचना उपलब्ध हुनेछ | निरन्तर | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग |
| ३ | पहिरो प्रभावित क्षेत्रहरुको पहिरो प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रुपमा उपलब्ध गराउने | पहिरो प्रकोपको सूचना र नक्शा उपलब्ध भएको हुनेछ | मध्यकालीन | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |
| ४ | प्रमुख जलवायुजन्य प्रकोप क्षेत्रको आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रुपमा उपलब्ध गराउने | जलवायुजन्य प्रकोप क्षेत्रको प्रकोप नक्शा उपलब्ध हुनेछ | दीर्घकालीन | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | प्रदेश योजना आयोग |
| ५ | महामारीजन्य प्रकोप क्षेत्रको आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गरी यसलाई सार्वजनिक रुपमा उपलब्ध गराउने | महामारी प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | प्रदेश योजना आयोग |
| ६ | महामारीको निरन्तर अनुगमन प्रणाली (Real Time Outbreak and Disease Surveillance Sytem) स्थापना गर्ने | महामारी सम्बन्धमा तात्कालिक सूचना उपलब्ध हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | प्रदेश योजना आयोग |
| ७ | स्वास्थ्य संकट एवम् महामारीबाट सुरक्षाको लागि सचेतना तथा सूचनामूलक सामग्रीहरुको विकास, प्रसार तथा सामाजिक परिचालनको काम गर्ने | महामारीबाट सुरक्षित हुने जानकारी उपलब्ध भएको हुनेछ | निरन्तर | सामाजिक विकास मन्त्रालय | गाउँपालिका नगरपालिका |
| ८ | चट्याङ प्रकोपको जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन गरी उच्च जोखिमयुक्त क्षेत्रमा चट्याङ जोखिम न्यूनीरकणका उपायहरु अवलम्बन गर्ने | चट्याङबाट हुने क्षति न्यूनीकरण भएको हुनेछ | मध्यकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | गाउँपालिका नगरपालिका |
| ९ | भूकम्पीय प्रकोप आँकलन, नक्शाङ्कन र जोखिम निर्धारण गरी सार्वजनिक रुपमा उपलब्ध गराउने | भूपम्पीय प्रकोप नक्शा उपलब्ध हुनेछ | मध्यकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | खानी तथा भूगर्भ विभाग, विश्व विद्यालयहरु |
| १० | जोखिमयुक्त पूर्वाधार, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु, आश्रयस्थल, शिक्षण संस्था, स्वास्थ्य संस्था खानेपानी र सरसफाईका संरचनाका लागि भूकम्पीय जोखिम आँकलन एवम् नक्शाङ्कन गरी सार्वजनिक रुपमा उपलब्ध गराउने | भूकम्पीय जोखिमको जानकारी खुला श्रोतको रुपमा उपलब्ध हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ११ | सबै प्रकारका प्रकोप जोखिमको आधारमा प्रदेशको जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयन भएको हुनेछ | मध्यकालीन | प्रदेश योजना आयोग | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| १२ | आगलागी र वन डढेलोको निरन्तर अनुगमन प्रणाली स्थापना गर्ने | आगलागीको तत्कालीक सूचना उपलब्ध भएको हुनेछ | निरन्तर | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | नगरपालिका गाउँपालिका |
| १३ | आगलागी सुरक्षा सम्बन्धी सचेतना अभिवृद्धिका लागि जानकारीमूलक सामग्री (Information Kit) को विकास गरी प्रसार गर्ने | आगलागी सुरक्षा सम्बन्धी जानकारी उपलब्ध भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कनून मन्त्रालय | नगरपालिका गाउँपालिका |
| १४ | मुख्य पूर्वाधार संरचना र सेवाहरुमा आगलागी नियन्त्रण सम्बन्धी उपकरण अनिवार्य (fire extinguisher) राख्ने | आगलागी जोखिमबाट सुरक्षित हुनेछ | निरन्तर | सम्बन्धित निकाय तथा कार्यालयहरु | नगरपालिका गाउँपालिका |
| १५ | सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान, प्रकोप आँकलन तथा नक्शाङ्कन गरी जोखिम क्षेत्र निर्धारण गर्ने | सडक दुर्घटनाको प्रकोप नक्शा उपलब्ध भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कनून मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय |

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १६ | कर्णाली, भेरी र राप्ती राजमार्गलाई कर्णाली प्रदेशको जीवनदायिनी मार्ग (Life line) को रुपमा विकास गर्न यी राजमार्गमा प्रकोप तथा सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुमा निरन्तर सडक अनुगमन प्रणाली (Real Time Road Survillance System) स्थापना गर्ने | सडक अवरोध र दुर्घटना सम्बन्धमा तत्काल जानकारी उपलब्ध भएको हुनेछ | दीर्घकालीन | आन्तरिक मामिला तथा कनून मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १७ | सडक सुरक्षा सम्बन्धी सचेतनाका लागि जानकारीमूलक सामग्री (Information Kit) को विकास र प्रसार गर्ने | सडक सुरक्षा सम्बन्धी जानकारी उपलब्ध हुनेछ | निरन्तर | प्रदेश प्रहरी कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

### ५.१.२ विपद् सूचना व्यवस्थापन प्रणालीको विकास

विपद् सम्बन्धी सूचनाको सङ्कलन, चुस्त व्यवस्थापन र सहज प्रसारणले जोखिमका रहेका समुदायको विपद् सम्बन्धी सूचनामा पहुँच मात्र बढाउँदैन विपद् जोखिम न्यूनीकरण पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयवलाई प्रभावकारी बनाउन समेत मद्दत पुग्छ । प्रदेशमा आधुनिक प्रविधिमा आधारित विपद् सूचना व्यवस्थापन प्रणालीको स्थापना गरी सञ्चालन गर्न आवश्यक छ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १८ | प्रदेश तहमा आधिकारिक, खुला भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने | विपद् सम्बन्धी सूचना उपलब्ध भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गृह मन्त्रालय |
| १९ | प्रदेश तहमा विपद् जोखिम सूचना साझेदारी गर्न मोबाईल एप्स, वेबसाईट, एसएमएस, रेडियो र टेलिभिजन जस्ता प्रविधि र माध्यमको प्रयोग सहितको सञ्चारतथा प्रसार कार्यविधि तयार गर्ने | सवै तहमा विपद् जोखिम सूचनाको प्रभावकारी सञ्चारर प्रसार भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय |
| २० | विद्यमान तथा सम्भावित विपद् जोखिम सम्बन्धी जानकारी तथा सचेतनामूलक सामग्रीको प्रचार प्रसार गर्न विभिन्न स्थानीय मिडिया (सामाजिक, छापा, विद्तीय, श्रब्यदृष्य) परिचालन तथा प्रयोग गर्ने | विपद् जोखिमबारे ब्यापक प्रचार प्रसार र जानकारी भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल पत्रकार महासंघ |
| २१ | महिला, बालबालिका, बृद्धबृद्धा, अपांगता भएका व्यक्ति तथा अन्य संकटउन्मुख समूह र समुदायसँग जोखिम सूचना साझेदारी तथा आदानप्रदान गर्न संयन्त्र र कार्यविधि तयार गर्ने | सङ्कटासन्न समूह तथा समुदायको विपद् जोखिम सूचनामा पहुँच भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सामाजिक विकास मन्त्रालय |
| २२ | विपद् सूचनाको तत्काल संकलन, चुस्त व्यवस्थापन एवम् आदान प्रदानको माध्यमबाट विपद् प्रतिकार्य तथा पूर्वतयारीलाई प्रभावकारी बनाउन प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र (PEOC) लाई आधुनिक प्रविधिमा आधारित उपकरणयुक्त बनाउने | विपद् सम्बन्धी सूचनाहरुको व्यवस्थापन र उपलब्धता सहज भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

### ५.१.३ विपद् जोखिम सम्बन्धी अध्ययन अनुसन्धान र सचेतना अभिवृद्धि

विपद् जोखिम सम्बन्धी बुझाई एवम् चेतना अभिवृद्धि गर्न अनुसन्धान, अध्ययन, अध्यापन तथा प्रशिक्षण र आदान प्रदानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । जसका लागि आवश्यक संस्थागत व्यवस्था गर्न देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २३ | विद्यालयदेखि विश्वविद्यालयसम्मको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी विभिन्न पक्षमा विधागत, विषयगत र अन्तरविषयगत पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापन र अनुसन्धान पद्धतिलाई संस्थागत गर्ने | विपद् जोखिम व्यवस्थापन सम्बन्धी दक्ष जनशक्ति विकास भई विपद् जोखिम सम्बन्धी बुझाइमा वृद्धि भएको हुनेछ | निरन्तर | सामाजिक विकास मन्त्रालय | शिक्षा विकास निर्देशनालय, विश्वविद्यालयहरु |
| २४ | विश्वविद्यालयहरु, अनुसन्धान केन्द्रहरु, विकास साझेदार संस्थाहरु र स्थानीय तहहरुसँगको सहकार्यमा प्रदेशको बहु-प्रकोप जोखिमको अध्ययन अनुसन्धान गर्ने | प्रदेशको बहु-प्रकोप जोखिमको अवस्था थाहा भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | विश्व विद्यालयहरु, अनुसन्धान संस्थाहरु |
| २५ | विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका स्थानीय सवाल, समस्या र समाधानमाथि अनुसन्धान गरी न्यूनीकरणका स्थानीय उपायहरु विकास गर्ने | विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका लागि नयाँ विधिको विकास हुनेछ | निरन्तर | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | विश्व विद्यालयहरु, अनुसन्धान संस्थाहरु |
| २६ | विषयगत कार्यालय तथा स्थानीय तहहरुलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण प्रशिक्षण सञ्चालन गर्ने | विपद् जोखिम तथा व्यवस्थापन सम्बन्धी बुझाईमा वृद्धि हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गाउँपालिका नगरपालिका |
| २७ | व्यावसायी, उद्यमी तथा निजी क्षेत्रका सेवा प्रदायकहरुलाई विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण दिई विपद् व्यवस्थापनमा उनीहरुको सहभागिता, जिम्मेवारी बोध र जवाफदेहिता वृद्धि गर्ने | निजी क्षेत्र विपद् जोखिमबारे जानकार भई आफ्नो भूमिकाबारे जिम्मेवार भएको हुनेछ | तत्कालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | निजी क्षेत्रका प्रतिनिधि संस्थाहरु |
| २८ | सवारी चालकहरुको लागि नियमित सडक सुरक्षा शिक्षा कार्यक्रम सञ्चालन गर्ने | सवारी चालकहरुको क्षमता विकास भई दुर्घटनामा कमि आउनेछ | निरन्तर | प्रदेश ट्राफिक प्रहरी कार्यालय | भौतिक पूर्वाधार विकास मन्त्रालय |

### ५.१.४ बहु-प्रकोप जोखिमको आँकलनका लागि अन्तर निकाय समन्वय

बहु-मापदण्डमा आधारित बहु-प्रकोप आँकलन तथा नक्शाङ्कनको लागि प्रदेश तहका मन्त्रालयहरु, निकायहरु र स्थानीय तहहरुबीच अन्तर निकाय संयन्त्र तयार गरी साझा ढाँचा बनाउन आवश्यक छ । यसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २९ | बहु-प्रकोप जोखिम आँकलन पद्धतिलाई संस्थागत गर्न साझा प्रादेशिक ढाँचा (Common Provincial Frame-work) र पद्धतिको विकास गर्ने | बहु-प्रकोप जोखिम आँकलनका लागि संस्थागत ढाँचा उपलब्ध भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेशका सबै मन्त्रालयहरु, प्रदेश योजना आयोग |
| ३० | प्रदेशको प्रकोप सम्मुखता संकटसन्नता र जोखिमको तथ्याङ्क संकलनमा एकरुपता कायम गर्न अन्तर निकाय संयन्त्र स्थापना गर्ने | विपद् सम्बन्धी तथ्याङ्क संकलनमा एकरुपता कायम भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेशका सबै मन्त्रालयहरु, स्थानीय तहहरु |
| ३१ | कर्णाली प्रदेशका महत्वपूर्ण पूर्वाधारहरु र भवनहरुको जोखिम आँकलनको लागि बहुमापदण्डमा आधारित बहु-प्रकोप जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने | महत्वपूर्ण पूर्वाधार र भवनहरुको बहु-प्रकोप जोखिमको जानकारी उपलब्ध हुने | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय |

## ५.२ प्राथमिकता प्राप्त क्षेत्र २: प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

विपद् जोखिम शासकीय पद्धतिको स्थापना तथा सुदृढीकरण जोखिम बुझ्ने तथा न्यूनीकरण र व्यवस्थापनको प्रयासको लागि पहिलो अनिवार्य शर्त हो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संस्थागत संरचनाको स्थापना तथा सुदृढीकरण र आवश्यक नीति तथा कानूनको तर्जुमा गर्नुपर्ने हुन्छ । विभिन्न क्षेत्रगत विकास योजना मार्फत विपद् न्यूनीकरणका कार्यलाई मूलप्रवाहीकरण गर्न आवश्यक संयन्त्र र प्रकृया निर्धारण गर्नुपर्दछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नागरिक सरोकारको सम्बोधन तथा शासकीय पद्दति समावेशी र जोखिममा रहेका समूह मैत्री पनि हुनुपर्दछ । संविधान बमोजिम भर्खरै मात्र सङ्घीय संरचनाको अभ्यास शुरु भएको र विपद् व्यवस्थापनका लागि पनि नयाँ अवधारणा अनुसार सङ्घीय नीति, कानून र रणनीतिक कार्ययोजना तयार भएको अवस्थामा प्रदेश तहमा प्रदेश सरकारको निर्दिष्ट काम कर्तब्य र अधिकार तथा प्रदेशको आवश्यकता र सङ्घीय नीति तथा कार्ययोजनाले राखेको लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरी यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्नानुसार प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

**प्राथमिकता प्राप्त कार्यहरु**

- विपद् जोखिम न्यूनीकरणका लागि संस्थागत संरचनाको स्थापना र सुदृढीकरण
- विपद् जोखिम न्यूनीकरणका लागि कानूनी तथा नीतिगत व्यवस्था
- विपद् जोखिम सुसासनका लागि क्षमता अभिवृद्धि र सहकार्य
- विपद् जोखिम न्यूनीकरणमा समावेशीकरणको सुनिश्चितता

### ५.२.१ विपद् जोखिम न्यूनीकरणका लागि संस्थागत संरचनाको स्थापना र सुदृढीकरण

विपद् व्यवस्थापन तीनवटै तहको सरकारको साझा अधिकार क्षेत्रमा पर्ने भएकोले प्रदेश र स्थानीय सरकारले पनि नीतिगत व्यवस्था र आवश्यक संस्थागत संरचना स्थापना तथा विद्यमान संरचनाहरुको सुदृढीकरण गर्नु पर्ने हुन्छ । विपद् व्यवस्थापनको शासकीय पद्दति सुदृढ र प्रभावकारी बनाउनु प्रदेश र स्थानीय सरकारको जिम्मेवारी हो । जसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३२ | विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापनका लागि प्रदेश तहमा आवश्यक संस्थाहरुको स्थापना गर्ने | विपद् जोखिम व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्यका लागि संस्थागत व्यवस्था भएको हुनेछ | अल्पकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्री परिपद्को कार्यालय |
| ३३ | प्रदेशका विषयगत मन्त्रालय तथा निकायहरुमा विपद् जोखिम व्यवस्थापन सम्बन्धी काम गर्ने निश्चित जिम्मेवार व्यक्ति शाखा वा महाशाखा तोक्ने | प्रत्येक विषयगत मन्त्रालय तथा निकायहरुमा विपद् जोखिम न्यूनीकरणका लागि जिम्मेवार एकाई स्थापना भएको हुनेछ | अल्पकालीन | सबै मन्त्रालयहरु प्रादेशिक निकायहरु | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३४ | प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र (Province Emergency Operation Centre) लाई सुदृढीकरण गरी पर्याप्त जनशक्ति र आधुनिक सूचना प्रविधियुक्त बनाउने | प्रदेश तहमा विपद् सम्बन्धी सूचना व्यवस्थापन र संप्रेशण व्यवस्थित भएको हुनेछ | अल्पकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रादेश प्रहरी कार्यालय |

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३५ | प्रदेश तहमा आवश्यकता अनुसार विपद् प्रतिकार्य र पूर्वतयारीको लागि विषयगत क्षेत्र (Thematic Cluster) गठन गरी परिचालन गर्ने | विपद् प्रतिकार्य तथा पूर्वतयारीको काम व्यवस्थित र प्रभावकारी भएको हुनेछ | अल्पकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | सबै मन्त्रालयहरु, विकास साझेदार संस्थाहरु |
| ३६ | सबै विद्यालय र अस्पतालहरुमा विपद् जोखिम व्यवस्थापन समिति गठन गर्ने | विद्यालय तथा अस्पतालहरुमा प्रभावकारी विपद् जोखिम व्यवस्थापन भएको हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३७ | प्रदेश सडक सुरक्षा बोर्ड गठन गरी सक्रिय बनाउने | सडक सुरक्षा गतिविधिहरुको अनुगमन तथा समन्वयको संस्थागत व्यवस्था हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |

## ५.२.२ विपद् जोखिम न्यूनीकरणका लागि कानूनी तथा नीतिगत व्यवस्था

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, राष्ट्रिय कार्ययोजना, तथा प्रादेशिक नीतिले राखेको लक्ष्य हासिल गर्न प्रदेश तथा स्थानीय तहमा थुप्रै कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ । विपद् व्यवस्थापको बहुआयामिकतालाई सम्बोधन गर्ने गरी विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित नीति कानून कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा गर्नु पर्दछ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३८ | विपद् जोखिम न्यूनीकरण तथा व्यास्थापन प्रादेशिक ऐन तथा नियमावली तयार गर्ने | विपद् जोखिम व्यवस्थापनको लागि कानूनी आधार तयार भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सभा सचिवालय |
| ३९ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना तयार गर्ने | विपद् जोखिम न्यूनिकरणको लागि प्राथमिकता प्राप्त दीर्घकालीन कार्ययोजना तयार हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सरकारका सबै मन्त्रालयहरु |
| ४० | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रदेशका सबै स्थानीय तहको कानून नीति तथा रणनीतिक कार्ययोजना तयार गर्ने | विपद् जोखिम न्यूनिकरणको लागि स्थानीय तहको प्राथमिकता प्राप्त कार्ययोजना तयार हुनेछ | अल्पकालीन | सम्बन्धित स्थानीय तह | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ४१ | शहरी तथा ग्रामीण क्षेत्रहरुको लागि बहु-प्रकोप प्रतिरोधि भवन संहिता तयार गरी सबै गाउँपालिका तथा नगरपालिकाका लागि भवन निर्माण विनियम बनाउने | बहु-प्रकोप प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था भएको हुनेछ | दीर्घकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | सम्बन्धित मन्त्रालयहरु, स्थानीय तह |
| ४२ | पूर्वाधार विकास योजनाको डिजाइन र निर्माणका लागि जोखिम सुचूचित र सुरक्षित हुने गरी मापदण्ड र मानकहरु तर्जुमा तथा पुनरावलोकन र परिमार्जन गर्ने | पूर्वाधार योजनाको उत्थानशील डिजाइन र निर्माणका लागि मापदण्ड तयार भएको हुनेछ | मध्यकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | सम्बन्धित मन्त्रालयहरु, स्थानीय तह |

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४३ | जोखिमयुक्त पूर्वाधारहरु (आवासिय भवन, होटल, अपार्टमेन्ट, औद्योगिक भवन, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, विद्यालय, अस्पताल, सामुदायिक भवन) को प्रबलीकरणको (Retrofitting) को लागि निर्देशिका तयार गर्ने | जोखिमयुक्त पूर्वाधारहरुको विपद् जोखिम न्यूनीकरणको लागि प्रबलीकरण निर्देशिका तयार भएको हुनेछ | मध्यकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु |
| ४४ | क्षेत्रगत र नियमित विकास योजनाहरुमा विपद् एवम् जलवायु जोखिम न्यूनीकरण मूल प्रवाहीकरण र आन्तरिकीकरण गर्न निर्देशिका तयार गर्ने | विपद् जोखिम न्यूनीकरण मूल प्रवाहीकरणका लागि निर्देशिका तयार भएको हुनेछ | मध्यकालीन | प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालयहरु |
| ४५ | विपद् तथा जलवायु जोखिम प्रभाव मूल्याङ्कनलाई वातावरण प्रभाव मूल्याङ्कन निर्देशिकामा समावेश गरी कार्यान्वयन गर्ने | विपद् जोखिम प्रभाव मूल्याङ्कनको लागि निर्देशिका तयार भएको हुनेछ | मध्यकालीन | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश योजना आयोग |
| ४६ | प्राकृतिक स्रोत तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रम र कार्ययोजनाहरुमा विपद् जोखिम न्यूनीकरण समावेश गर्ने | प्राकृतिक स्रोत र जलाधार व्यवस्थापनमा जोखिम न्यूनीकरण समावेश भएको हुनेछ | मध्यकालीन | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | गाउँपालिका, नगरपालिका |
| ४७ | प्रदेश र स्थानीय तहमा आपत्कालीन कोष सञ्चालन कार्यविधि तयार गर्ने | आपत्कालीन कोष सञ्चालनको लागि कार्यविधि तयार भएको हुनेछ | मध्यकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४८ | प्रदेश र स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुको स्तरीय कार्यसञ्चालन प्रकृया तयार गर्ने | आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुको कार्यसञ्चालन विधि तयार भएको हुनेछ | अल्पकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह, सुरक्षा निकायहरु |
| ४९ | विपद् पश्चातको खोज, उद्दार तथा राहत सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने | खोज उद्दार तथा राहत व्यवस्थापन प्रभावकारी भएको हुनेछ | अल्पकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | सुरक्षा निकायहरु |
| ५० | निजी क्षेत्रहरुका लागि विपद् जोखिम व्यवस्थापनलाई एकिकृत गर्न निर्देशिका तयार गर्ने | निजी क्षेत्रमा विपद् जोखिम न्यूनीकरणको अभ्यास भएको हुनेछ | मध्यकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | निजी क्षेत्रका प्रतिनिधि संस्थाहरु |
| ५१ | विपद्को समयमा पशुपन्छीको उद्दार र हेरचार सम्बन्धि कार्यविधि तयार गर्ने | आपत्कालीन अवस्थामा पशुपन्छी हेरचार सम्बन्धी निर्देशिका तयार भएको हुनेछ | मध्यकालीन | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ५२ | जोखिममा रहेका समूह; बालबालिका, महिला, बृद्धबृद्धा, अपांगता भएका व्यक्तिको आपत्कालीन अवस्थामा सुरक्षा र संरक्षणको लागि कार्यविधि तयार गरी कार्यान्वयन गर्ने | आपत्कालीन अवस्थामा जोखिममा रहेका समूहको भएको भएको हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | अन्तरिक मामिला तथा कानून मन्त्रालय |

### ५.२.३ विपद् जोखिम सुसासनका लागि क्षमता अभिवृद्धि र सहकार्य

विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी र परिणाममुखी बनाउन यसमा सम्लग्न सबै निकायहरुको क्षमता बढाउन आवश्यक हुन्छ । त्यसैगरी सरकारी, गैर सरकारी, समुदायिक, निजी क्षेत्रका सबै सरोकारवालाहरुको व्यापक सहभागिताबाट गुणात्मक परिणाम ल्याउन सकिन्छ । यसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५३ | प्रदेश तहमा विपद् जोखिम न्यूनीकरणमा सम्लग्न सरकारी तथा गैर सरकारी निकायहरु, रेडक्रस अभियान, निजी क्षेत्र र सामाजिक संस्थाहरुको संजाल (Provincial DRR Platefarm) स्थापना गर्ने | सबै सरोकारवालाहरुको विपद् जोखिम न्यूनीकरणमा व्यापक सहभागिता भएको हुनेछ | अल्पकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल रेडक्रस सोसाइटी, साझेदार संस्थाहरु |
| ५४ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण सञ्जाल जस्तै प्रादेशिक र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण सञ्जाल (Disaster Preparedness Network) विस्तार गर्ने | विपद् जोखिम न्यूनीकरणमा सरोकारवालाहरुको सहभागिता सुनिश्चित हुनेछ | अल्पकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | साझेदार संस्थाहरु नेपाल रेडक्रस सोसाइटी |
| ५५ | विपद् जोखिम व्यवस्थापनमा (खासगरी जलाधार व्यवस्थापन र पूर्वसूचना प्रणालीका लागि) अन्तर प्रादेशिक र अन्तर स्थानीय तहबीच संयन्त्र तयार गर्ने | अन्तर प्रदेश र अन्तर तहबीच समन्वय भएको हुनेछ | मध्यकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | सम्बन्धित स्थानीय तह |
| ५६ | विपद् व्यवस्थापनमा संवद्ध संस्थाहरुको क्षमता वृद्धिका लागि एक आपसमा आदान प्रदानका कार्यक्रम तथा विश्व विद्यालयहरु र विकास साझेदार संस्थाहरुसँग सहकार्य गर्ने | विपद् व्यवस्थापनमा काम गर्ने संस्थाहरुको क्षमता वृद्धि भएको हुनेछ | निरन्तर | संजालमा सम्बद्ध संस्थाहरु | अन्तरिक मामिला तथा कानून मन्त्रालय |

### ५.२.४ विपद् जोखिम न्यूनीकरणमा समावेशीकरणको सुनिश्चितता

महिला, बालबालिका, बृद्धबृद्धा, अपांगता भएका व्यक्ति र सिमान्तकृत समुदाय विपद्को उच्च जोखिममा हुन्छन् । विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु यस प्रकारका जोखिममा रहेका समूहलाई प्राथमिकतामा राखेर सञ्चालन गर्नुपर्दछ र उनीहरुको अर्थपूर्ण सहभागिता मार्फत समावेशीताको सुनिश्चितता गर्नु पर्दछ । विपद् जोखिम न्यूनीकरणमा समावेशीकरण सुनिश्चित गर्न निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५७ | प्रत्येक तह तथा क्षेत्रको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना तयार गर्ने | लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि कार्ययोजना तयार भएको हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | अन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ५८ | विपद् जोखिम व्यवस्थापनका कार्यक्रम र नीति निर्माणमा जोखिममा रहेका नागरिक र समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गर्ने | विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | नगरपालिका, गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी |
| ५९ | सिमान्तकृत समूह, महिला, अपांगता भएका व्यक्ति, बाल बालिका, तथा बृद्धबृद्धाजस्ता सङ्कटासन्न समूहका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमको विकास गरी सञ्चालन गर्ने | समावेशीकरणको लागि विशेष कार्यक्रम सञ्चालन भएको हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | नगरपालिका गाउँपालिका |

## ५.३ प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता वृद्धिका लागि निजी एवम् सार्वजनिक लगानी प्रवर्धन

विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्धनको उद्देश्य पर्याप्त लगानी परिचालन मार्फत विद्यमान जोखिम न्यूनीकरण गरी

सम्भावित जनधनको क्षतिलाई कम गर्ने र जोखिम न्यूनीकरणका क्रियाकलापहरुलाई विकास निर्माणका कार्यमा एकिकरण तथा अन्तरिकीकरण गरी भविष्यमा सृजना हुन सक्ने सम्भावित जोखिमका अन्तरनिहित कारणहरुको सम्बोधन गरी जनधन तथा विकास पूर्वाधारहरुलाई उत्थानशील बनाउनु हो । विभिन्न क्षेत्रगत विकास योजनामा जोखिम न्यूनीकरणका उपायहरुलाई आन्तरिकीकरण गर्ने, सार्वजनिक लगानी सुनिश्चित गर्ने, निजी क्षेत्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहभागीता र साझेदारी बढाउँदै निजी लगानी वृद्धि गर्ने र बीमा, सामाजिक सुरक्षा तथा विपद् जोखिम हिस्सेदारीका विभिन्न उपायहरुमार्फत समुदायको उत्थानशीलता वृद्धि गर्न सहयोग पुऱ्याउने रणनीतिक क्रियाकलापहरु यस प्राथमिकता प्राप्त क्षेत्रमा समेटिएका छन् । यस प्राथमिकता प्राप्त क्षेत्र  अन्तर्गत देहायबमोजिमका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

**प्राथमिकता  प्राप्त कार्यहरु**

- उत्थानशीलता वृद्धिका लागि विकास कार्यमा मूल प्रवाहीकरण
- विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक लगानी वृद्धि
- विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी वृद्धि
- सामाजिक सुरक्षा बीमा तथा जोखिम हिस्सेदारी मार्फत उत्थानशीलता वृद्धि

### ५.३.१ उत्थानशीलता वृद्धिका लागि विकास कार्यमा मूल प्रवाहीकरण

सम्भावित तथा विद्यमान विपद् जोखिम न्यूनीकरणका उपायहरु मार्फत उत्थानशीलता वृद्धिका लागि विपद्का अन्तरनिहित कारणहरुको सम्बोधन गरी विकास कार्यमा मूल प्रवाहीकरण गर्न आवश्यक हुन्छ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६० | पूर्वाधार निर्माणका कार्यहरु सञ्चालन गर्दा नयाँ मात्र नभई बलियो र सुरक्षित निर्माणको नीति अवलम्बन गर्ने | पूर्वाधार संरचनाहरु विपद् बाट सुरक्षित भएको हुनेछन् | निरन्तर | भौतिक पूर्वाधार विकास मन्त्रालय | नगरपालिका, गाउँपालिका |
| ६१ | जोखिमयुक्त पूर्वाधारहरु (विद्यालय, अस्पताल, स्वस्थ्य चौकी, खानेपानी तथा सरसफाईका संरचना, सरकारी तथा सर्वजनिक भवनहरु, ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरु, जलविद्त गृह, विद्त स्टेसन) को प्रबलीकरण (Retrofiting) गर्न लगानी बढाउने | जोखियुक्त पूर्वाधारहरु सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | सामाजिक विकास मन्त्रालय |
| ६२ | प्रदेशका सबै विद्यालयहरुलाई मजबुद संरचनाको रुपमा निर्माण, पुनर्निर्माण, र प्रबलीकरण गरी सुरक्षित आपत्कालीन आवासिय सेवा समेत दिन सक्ने गरी विकास गर्ने | विद्यालयहरु विपद् उत्थनशील भएको हुनेछन् | दीर्घकालीन | सामाजिक विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ६३ | बृहत् विद्यालय सुरक्षा अवधारणाको कार्यान्वयन गरी प्रदेशका सबै विद्यालयहरुलाई सुरक्षित विद्यालय बनाउने | सबै विद्यालय विपद् जोखिमबाट सुरक्षित हुनेछन् | दीर्घकालीन | सामाजिक विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ६४ | सुख्खाग्रस्त क्षेत्रमा पोखरीहरुको निर्माण गरी पानी संरक्षण र वर्षाको पानी संकलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधि विकास गर्ने | बाढी, खडेरी तथा आगलागीको क्षति कम भएको हुनेछ | दीर्घकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | जलस्रोत तथा उर्जा विकास मन्त्रालय |

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६५ | प्रदेशको वर्षिक योजना छनोट प्रकृयामा विपद् जोखिम न्यूनीकरण सहितका योजनाहरुलाई प्राथमिकता दिने | नियमित योजनामा विपद् व्यवस्थापन समावेश भएको हुनेछ | निरन्तर | नगरपालिका, गाउँपालिका | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ६६ | सरकारी कार्यालयहरु, सामुदायिक भवनहरु, विद्यालयहरु, अस्पतालहरु र आश्रयस्थलहरु, बालबालिका बृद्धबृद्धा तथा अपांगमैत्री बनाउने | सबै खालका विशेष समूहको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ | दीर्घकालीन | सामाजिक विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय स्थानीय तह |

### ५.३.२ विपद् जोखिम न्यूनीकरणको लागि सार्वजनिक लगानी वृद्धि

वार्षिक, आवधिक, क्षेत्रगत योजनाहरु तथा विकास निर्माणका ठूला परियोजनाहरु र ग्रामीण सडक निर्माण जस्ता कार्यमा जोखिम आँकलनको आधारमा निश्चित प्रतिशत बजेट विपद् जोखिम न्यूनीकरणको लागि छुट्याउने अनिवार्य व्यवस्था गरी विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी बढाउन सकिन्छ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ६७ | सबै क्षेत्रगत निकायहरुले कम्तिमा पाँच प्रतिशत वार्षिक बजेट विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउने व्यवस्था गर्ने | विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रगत रुपमा लगानी सुनिश्चित भएको हुनेछ | निरन्तर | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग | सबै मन्त्रालयहरु |
| ६८ | सडक निर्माण लागतको कम्तिमा ५ प्रतिशत रकम सडक सुरक्षाका लागि छुट्याउने व्यवस्था गर्ने | सडक जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित हुनेछ | निरन्तर | भौतिक पूर्वाधार विकास मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग |
| ६९ | विकास परियोजनाको बजेटबाट विपद् पश्चात पुनः निर्माणमा उपयोग गर्ने अनुमति दिन बजेट रकमान्तरणका लागि प्रकृया स्थापित गर्ने | पुनर्निर्माणका लागि लगानी उपलब्ध भएको हुनेछ | मध्यकालीन | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग | सबै मन्त्रालयहरु |
| ७० | ठूला पूर्वाधार निर्माणका आयोजनाहरुको बजेटको निश्चित प्रतिशत रकम सम्भावित जोखिम न्यूनीकरणका लागि छुट्याउने व्यवस्था गर्ने | ठूला आयोजनाहरुमा विपद् जोखिम न्यूनीकरणका लागि लगानी उपलब्ध भएको हुनेछ | निरन्तर | भौतिक पूर्वाधार विकास मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग |
| ७१ | ग्रामीण पूर्वाधार सडक निर्माणमा निश्चित प्रतिशत रकम जोखिम न्यूनीकरण र सडक सुरक्षाका लागि अनिवार्य छुट्याउने व्यवस्था गर्ने | ग्रामीण सडकमा विपद् जोखिम न्यूनीकरण भएको हुनेछ | मध्यकालीन | नगरपालिका गाउँपालिका | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग |

### ५.३.३ विपद् जोखिम न्यूनीकरणको लागि निजी लगानी वृद्धि

निजी क्षेत्रले एकातिर आफ्नै व्यवसाय र कर्मचारीहरुको सुरक्षा र व्यवसायिक निरन्तरताको लागि लगानी गर्नु पर्दछ भने अर्कोतर्फ व्यवसायिक सामाजिक उत्तरदायित्वको रुपमा विपद् जोखिम न्यूनीकरणका लागि लगानी गर्न र व्यवसायिक रुपमा साझेदारी र लगानी गर्ने वातावरण तयार गर्नु पर्दछ । प्रदेशको विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको साझेदारी र लगानी वृद्धिका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७२ | सार्वजनिक संस्था, सेवा प्रदायक निकाय, व्यापारिक प्रतिष्ठान तथा उद्योगहरुलाई आपत्कालीन समयको लागि व्यावसाय निरन्तरता योजना तयार गरी कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | व्यावसाय निरन्तरता योजना तयार भई कार्यान्वयन भएको हुनेछ | निरन्तर | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ७३ | व्यावसायिक सामाजिक उत्तरदायित्व मार्फतको निश्चित प्रतिशत बजेट प्रभावित क्षेत्रको विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीको लागि लगानी गर्ने व्यवस्था गर्ने | विपद् व्यवस्थापनमा निजी क्षेत्रको लगानी परिचालन भएको हुनेछ | निरन्तर | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय उद्योग बाणिज्य महासंघ |
| ७४ | विपद् जोखिम लगानी तथा जोखिम हिस्सेदारी सम्बन्धी रणनीति तथा कार्यविधि तयार गरी विपद् जोखिम न्यूनीकरणमा संयुक्त सार्वजनिक निजी लगानी प्रवर्धन गर्ने | विपद् व्यवस्थापनमा निजी लगानी वृद्धि भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग |
| ७५ | वित्तिय संस्था, सहकारी तथा सामुदायिक संस्थाहरु मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्ने | विपद् जोखिम न्यूनीकरणका लागि लगानी वृद्धि हुनेछ | मध्यकालीन | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रादेश योजना आयोग, निजी क्षेत्र |
| ७६ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक ज्ञान, उपकरण तथा प्रविधिको नवप्रवर्तनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने | नवप्रवर्तनका लागि निजी क्षेत्रले लगानी गरेको हुनेछ | मध्यकालीन | आर्थिक मामिला तथा योजना मन्त्रालय | निजी क्षेत्र |

### ५.३.४ सामाजिक सुरक्षा, बीमा तथा जोखिम हिस्सेदारी मार्फत उत्थानशीलता वृद्धि

विपद् पश्चात वितरण गरिने राहतलाई सामाजिक सुरक्षा, जीवन बीमा, कृषि तथा पशु बीमा, सम्पत्ति बीमा जस्ता जोखिम हिस्सेदारीका उपायहरु मार्फत प्रतिस्थापन गर्न जरुरी छ । साथै सामुदायिक तथा सामाजिक सुरक्षाका क्रियाकलापहरुलाई जोखिम व्यवस्थापनसँग जोड्नु पर्दछ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ७७ | विपद्को उच्च जोखिममा रहेका समूह, समुदाय तथा नगरिकको जीवन बीमाको व्यवस्था गर्ने | जोखिममा रहेका नागरिकको उत्थानशीलता वृद्धि भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ७८ | विपद्का घटना तथा दुर्घटनामा घाइते भएकाहरुको उपचारका लागि दुर्घटना बीमाको व्यवस्था गर्ने | विपद् तथा दुर्घटनामा परेका घाइतेको उपचारको सुनिश्चितता भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सामाजिक विकास मन्त्रालय |
| ७९ | घर, भवन तथा निजी सम्पतिको बीमाको लागि समुदायलाई प्रोत्साहन गर्ने | विपद्बाट हुने नोक्सानीको क्षतिपूर्ति सुनिश्चित हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ८० | कृषि तथा पशु बीमा कार्यक्रमलाई विस्तार गरी प्रभावकारी बनाउने | किसानहरुको उत्थानशीलता वृद्धि भएको हुनेछ | मध्यकालीन | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | गाउँपालिका नगरपालिका |
| ८१ | जीविकोपार्जनका आधार, सीप, औजार र लगानीलाई विपद्बाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीलाई विस्तार गर्ने | जीविकोपार्जनमा उपायहरुको बीमा मार्फत उत्थानशीलता वृद्धि भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सामाजिक विकास मन्त्रालय, स्थानीय तह |

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८२ | सार्वजनिक भवनहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरुको विपद् जोखिम बीमा गर्ने व्यवस्था गर्ने | सार्वजनिक भवनहरुको विपद् जोखिम बीमा प्रभावकारी भएको हुनेछ | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | भौतिक पूर्वाधार मन्त्रालय, सामाजिक विकास मन्त्रालय |

## ५.४ प्राथमिकता प्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो र बलियोका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

यस प्राथमिकता प्राप्त क्षेत्रले प्रभावकारी प्रतिकार्यका लागि आवश्यक पूर्वतयारी र जोखिम न्यूनीकरण सहितको पुनर्स्थापना तथा पुनर्लाभलाई समेट्दछ । विपद् प्रतिकार्यका लागि आवश्यक कार्यविधि, खोज उद्दार तथा राहत सामग्रीहरुको पर्याप्त पूर्वतयारी, खोज उद्दार टोलीको क्षमता विकास, बहुप्रकोपमा आधारित पूर्व सूचना प्रणालीको विकास र समुदायको पहुँच, सञ्चारसंयन्त्र तथा सूचना संप्रेसणको विधि, प्रणाली र माध्यमको सुदृढीकरण, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका गतिविधिहरुको प्रवर्धन र सामुदायिक क्षमता विकास जस्ता प्राथमिकता प्राप्त कार्यहरु यसमा पर्दछन् ।

विपद् पश्चातको प्रतिकार्य, पुनर्स्थापना र पुनर्निर्माण तथा पुनर्लाभका गतिविधिहरुमा बहु-प्रकोप जोखिमलाई ख्याल गरी बलियो र सबै प्रकारको जोखिमबाट सुरक्षित निर्माणका लागि आवश्यक रणनीतिक क्रियाकलापहरुलाई समेटेर निम्नअनुसार प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

**प्राथमिकता प्राप्त कार्यहरु**

- विपद् पूर्वतयारीको सुदृढीकरण
- विपद् पूर्वतयारीका लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास
- खोज तथा उद्दार क्षमता अभिवृद्धि
- पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माण अवधारणा प्रवर्धन
- विपद् पूर्वतयारीका लागि सञ्चारसमन्वय तथा सूचना संप्रेसन प्रणालीको सुदृढीकरण
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको प्रवर्धन

### ५.४.१ विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् पूर्वतयारीका लागि प्रदेश र स्थानीय तहमा संस्थागत व्यवस्था तथा क्षमता विकास गर्न आवश्यक छ । प्रदेश, जिल्ला र स्थानीय तहमा आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुको स्थापना तथा सुदृढीकरण, आपत्कालीन भण्डारण गृहहरुको स्थापना, खोज, उद्दार तथा राहत सामग्रीको पर्याप्त भण्डारण र सबै तहमा पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने हुन्छ । विपद् पूर्वतयारीको सुदृढीकरणको लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८३ | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाको आधारमा प्रादेशिक विपद् प्रतिकार्य कार्यढाँचा (Regional Disaster Response Frame-work) तयार गर्ने | प्रदेश तहमा विपद् प्रतिकार्यको प्रकृया तय भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सबै मन्त्रालयहरु, प्रादेशिक सुरक्षा निकायहरु |

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ८४ | प्रदेश, जिल्ला र सबै स्थानीय तहमा आपत्कालीन कार्य सञ्चालन केन्द्र (Emergency Operations Centre) हरु स्थापना र सुदृढीकरण गर्ने | आपत्कालीन कार्य सञ्चालन केन्द्रहरु स्थापना र सञ्चालन भएका हुनेछन् | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गाउँपालिका, नगरपालिका गृह मन्त्रालय |
| ८५ | प्रदेश, जिल्ला र स्थानीय तहका आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुको क्षमता अभिवृद्धि गरी विपद्को सूचना तत्काल प्राप्त हुने प्रबन्ध मिलाउने | आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुको क्षमता वृद्धि भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रसासन कार्यालय, स्थानीय तह गृह मन्त्रालय |
| ८६ | प्रदेश, जिल्ला र स्थानीय तहमा भण्डारण गृह स्थापना गरी आपत्कालीन उद्धार सामग्री तथा उपकरणहरु र खाद्य तथा गैर खाद्य राहत सामग्रीहरुको पर्याप्त भण्डारण गर्ने | विपद्को समयमा राहत सामग्रीको उपलब्धता सुनिश्चित भएको हुनेछ | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रसासन कार्यालय, स्थानीय तह |
| ८७ | विपद् तथा आपत्कालीन अवस्थामा प्रयोग गर्ने गरी स्थानीय स्तरमा समुदाय समेतको योगदान र व्यवस्थापनमा खाद्यान्नको "जनभकारी" स्थापना गरी सञ्चालन गर्ने | आपत्कालीन अवस्थामा स्थानीय स्तरमै खाद्यान्न उपलब्ध भएको हुनेछ | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गाउँपालिका नगरपालिका |
| ८८ | स्थानीय तहका भण्डारण गृहहरुमा महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपांगता भएका तथा विरामीका विशेष आवश्यकता पूरा हुने गरी खाद्यान्न, औषधि, सरसफाइका सामग्री तथा उपकरणहरु पर्याप्त मात्रामा भण्डारण गर्ने | आपत्कालीन समयमा सङ्कटासन्न समूहको विशेष आवश्यकता सम्बोधन भएको हुनेछ | निरन्तर | गाउँपालिका नगरपालिका | जिल्ला प्रसासन कार्यलय सामाजिक विकास मन्त्रालय |
| ८९ | प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) छुट्याई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने | सार्वजनिक भवनहरुमा विपद् प्रतिकार्यको लागि पूर्वतयारी भएको हुनेछ | निरन्तर | सम्बन्धित कार्यालय, व्यावसायिक प्रतिष्ठानहरु | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ९० | प्रदेश तथा सबै जिल्ला र स्थानीय तहले स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा एवम् अद्यावधिक गरी कार्यान्वयन गर्ने | सबै तहको विपद् पूर्वतयारी योजना तयार भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रसासन कार्यालय, स्थानीय तह |
| ९१ | महामारीजन्य स्वास्थ्य संकटको समयमा सार्वजनिक सेवा सञ्चालन सम्बन्धि प्रोटोकल तयार गर्ने | महामारीको समयमा पनि सार्वजनिक सेवा सञ्चालन भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | गाउँपालिका, नगरपालिका |
| ९२ | महामारी तथा स्वास्थ्य संकटको समयमा जनस्वास्थ्य सेवा (पोषण, खोप, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन) उपलब्ध गराउने कार्यविधि तयार गर्ने | महामारीको समयमा पनि जनस्वास्थ्य सेवा सञ्चालन भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | गाउँपालिका, नगरपालिका |
| ९३ | आपत्कालीन प्रयोजनका लागि दुर्गम क्षेत्रका वडाहरुमा हेलिप्याडको निर्माण एवम् व्यवस्थापन गर्ने | आपत्कालीन खोज उद्दार प्रभावकारी भएको हुनेछ | मध्यकालीन | गाउँपालिका नगरपालिका | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ९४ | प्रदेश, जिल्ला र स्थानीय तहमा आपत्कालीन सहायता स्थल (HAS) स्थापना गर्ने तथा आपत्कालीन प्रयोजनका लागि खुल्ला क्षेत्रको पहिचान तथा नक्शांकन गरी संरक्षण गर्ने | आपत्कालीन प्रतिकार्य व्यवस्थित भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रसासन कार्यालय, स्थानीय तह |
| ९५ | स्थानीय तथा समुदाय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अंगको रुपमा प्रत्येक घर परिवारको पारिवारिक विपद् सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्ने | विपद् पूर्वतयारी पारिवारिक तहसम्म भएको हुनेछ | निरन्तर | गाउँपालिका नगरपालिका | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

### ५.४.२ विपद् पूर्वतयारीका लागि बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास

बहु-प्रकोप जोखिम आँकलन र पूर्वानुमान पद्धतिको सुदृढीकरण गरी पूर्व सूचना प्रणालीसँग जोडेर यसको विकास र विस्तार गर्न आवश्यक छ । विपद् पूर्व सूचनामा जोखिममा रहेका समुदाय र समूहसम्मको पहुँच स्थापित गर्नु पर्दछ । प्रभावकारी प्रतिकार्यका लागि कार्य सञ्चालन प्रक्रिया र विधि तर्जुमा गर्नु पर्दछ । यसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ९६ | प्रदेशका प्रमुख नदीहरु कर्णाली, भेरी, बबई र तीनका मुख्य सहायक नदीहरुमा पूर्वसूचना प्रणालीको स्थापना तथा सुदृढीकरण गरी मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन गर्ने | प्रमुख नदी बेसीनमा पूर्व सूचना प्रणालीको विकास भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग |
| ९७ | प्रमुख प्रकोपहरुको तथ्याङ्क विश्लेषण र पूर्वानुमान गरी प्रकोप क्यलेण्डरको आधारमा पूर्व सूचनामूलक सन्देशहरुको उत्पादन तथा प्रसारण गर्ने | पूर्व सूचनामूलक सन्देशहरु उत्पादन र प्रसारण भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, स्थानीय सञ्चारसंस्थाहरु |
| ९८ | स्थानीय ज्ञान, सीप, अनुभव र परम्परागत राम्रा अभ्यासलाई विपद् पूर्व सूचनाको रुपमा सदुपयोग गर्ने | पूर्व सूचनामा परंपरागत ज्ञान र अनुभवलाई समेटिएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गाउँपालिका नगरपालिका |
| ९९ | जल तथा मौसम मापन केन्द्र, स्थानीय सञ्चारमाध्यम र स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा विपद् पूर्वसूचना जोखिममा रहेका समुदायसम्म पुग्ने संरचना र विधि तयार गर्ने | सङ्कटासन्न समुदायको पूर्व सूचनामा पहुँच भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण |
| १०० | जल तथा मौसम मापन केन्द्र र स्थानीय विपद् तथा जलवायु सूचना केन्द्रको समन्वयमा मौसम पूर्वानुमान सम्बन्धी सूचना किसान, पर्यटक, पदयात्री तथा जडिबुटी संकलक सम्म तत्काल पुग्ने संयन्त्र र विधि तयार गर्ने | मौसम सम्बन्धी पूर्व सूचनामा सबैको पहुँच हुनेछ | मध्यकालीन | अन्तरिक मामिला तथा कानून मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण स्थानीय तह |
| १०१ | प्रदेश एवम् स्थानीय तहका सबै सार्वजनिक भवनहरु, शिक्षण संस्थाहरु, अस्पतालहरु तथा व्यावसायिक भवनहरुमा "स्मोक डिटेक्टर" र आगलागी नियन्त्रणका उपकरण जडान गर्ने | आगलागीको पूर्वसूचनाले क्षति कम भएको हुनेछ | निरन्तर | सम्बन्धित कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय स्थानीय तह |
| १०२ | सूर्वसूचना प्रणालीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धी तालिम तथा शैक्षिक कार्यक्रमको पाठ्यक्रममा समावेश गर्ने | पूर्व सूचना प्रणालीका बारेमा अध्ययन अध्यापन भएको हुनेछ | निरन्तर | सामाजिक विकास मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १०३ | पूर्व सूचना प्रणालीमा महिला, बालबालिका, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति तथा सङ्कटासन्न समुदायको पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने | पूर्व सूचना प्रणाली समावेशी भएको हुनेछ | निरन्तर | सामाजिक विकास मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

### ५.४.३ खोज तथा उद्धारको क्षमता विकास

खोज उद्दार कार्य सुरक्षा निकायको प्राथमिक जिम्मेवारी हो । प्रभावकारी खोज उद्दारको लागि तीनवटै सुरक्षा निकायको क्षमता विकास तथा सममन्वयात्मक परिचालनको विधि र प्रक्रिया तय गर्नु पर्दछ । सबै ठाउँमा विपद्को समयमा तत्काल सुरक्षाकर्मी पुग्न सम्भव हुँदैन । यसर्थ समुदाय तहमा स्वयंसेवकहरुको प्रथम उद्धारक टोली तयार गरी क्षमता विकास गर्नु पर्दछ । यसैगरी सबै स्थानीय तहमा आवश्यक खोज उद्धार सामग्रीको प्रबन्ध गर्नुपर्ने हुन्छ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १०४ | सुरक्षा निकायहरु; नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेनाका प्रदेश र जिल्ला स्थित इकाइहरुमा खोज तथा उद्धार टोली स्थापना गरी आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्था गर्ने | सुरक्षा निकाय खोज उद्धारका लागि तयारी अवस्थामा भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना |
| १०५ | स्थानीय तहमा समुदायमा आधारित खोज तथा उद्धार टोली स्थापना गरी क्षमता विकास गर्ने | स्थानीय तहमा खोज र उद्धार टोली गठन भएको हुनेछ | अल्पकालीन | गाउँपालिका नगरपालिका | जिल्ला प्रसासन कार्यालय |
| १०६ | विपद् जोखिम व्यवस्थापन कार्यलाई सहजीकरण तथा सहयोग गर्न प्रत्येक जिल्लामा विपद् व्यवस्थापन तथा मानवीय सहायताका लागि काम गरिरहेका व्यक्तिलाई स्वयंसेवी विपद् दुत/ सहजकर्ता को परिचालन गर्ने | विपद् व्यवस्थापनको काममा सहजीकरण भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रसासन कार्यालय |
| १०७ | आगलागी नियन्त्रणका लागि सबै तहका खोज तथा उद्धार टोलीको स्रोत साधन र तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने | उद्धार टोलीको आगलागी नियन्त्रण क्षमता वृद्धि भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना |
| १०८ | प्रदेश र स्थानीय सबै तहमा प्रमुख प्रकोपहरुको लागि परिदृष्यमा आधारित कृतिम घटना अभ्यास वार्षिक रुपमा नियमित सञ्चालन गर्ने | प्रतिकार्य तथा पूर्वतयारी प्रभावकारी भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सुरक्षा निकाय नेपाल रेडक्रस |
| १०९ | खोज, उद्धार र प्रतिकार्यको क्रममा महिला, बालबालिका, बृद्धबृद्धा तथा अपांगता भएका व्यक्तिहरुको सुरक्षा, संरक्षण र फरक आवश्यकताको लागि विशेष व्यवस्था गर्ने | आपत्कालीन अवस्थामा जोखिममा रहेको समूहको संरक्षण भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सामाजिक विकास मन्त्रालय |

### ५.४.४ पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा अझ राम्रो र बलियो निर्माण अवधारणा प्रवर्धन

कर्णाली प्रदेश बहु-प्रकोपको उच्च जोखिममा रहेकोले विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्दा बहु-प्रकोप जोखिमको ख्याल गर्नु पर्दछ । विपद् पश्चातको पुनर्स्थापना तथा पुनःनिर्माणलाई अझ राम्रो बलियो र सुरक्षित निर्माणको अवसरको रुपमा लिएर बहु-प्रकोप जोखिमबाट सुरक्षित हुने गरी पुनर्निर्माण सुनिश्चित गर्नका लागि आवश्यक नीतिगत र कार्यक्रमगत प्रबन्ध गर्नु पर्दछ । विपद् पश्चातको पुनस्थापना तथा पुनःनिर्माणलाई अझ राम्रो बलियो र सुरक्षित बनाउन देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ११० | विपद् पछिको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा सम्भावित बहुप्रकोप जोखिमबाट सुरक्षित र बलियो निर्माणका लागि मार्गदर्शन तयार गर्ने | अझ राम्रो र बलियो निर्माणका लागि निर्देशिका तयार भएको हुनेछ | मध्यकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | सबै मन्त्रालयहरु |
| १११ | पुनर्स्थापना र पुनर्निर्माणमा स्थानीय स्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने | पुनर्निर्माण कार्य मितव्ययी र दिगो हुनेछ | मध्यकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | सबै मन्त्रालयहरु |
| ११२ | अझ बलियो राम्रो र सुरक्षित पुनर्निर्माणका लागि प्राविधिक जनशक्ति, निर्माणकर्मी, डकर्मी, सिकर्मी, र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गर्ने | बलियो पुनर्निर्माणका लागि जनशक्ति विकास भएको हुनेछ | मध्यकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ११३ | जोखिम संवेदनशील भू-उपयोग योजना तथा बहु-प्रकोप जोखिम लेखाजोखाको आधारमा विपद्बाट विस्थापित तथा विपद्को उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेको समुदायलाई कम जोखिमयुक्त क्षेत्रमा स्थानान्तरण गर्ने | उच्च जोखिम युक्त क्षेत्रका समुदाय विपद्बाट सुरक्षित भएका हुनेछन् | दीर्घकालीन | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ११४ | विपद् पश्चातको पुनर्निर्माण तथा जोखिमयुक्त बस्ती सार्दा भौतिक पूर्वाधारहरुको योजना सहित एकिकृत र सुरक्षित बस्ती विकास गर्ने | योजनाबद्ध र सुरक्षित बस्तीको विकास हुनेछ | दीर्घकालीन | भौतिक पूर्वाधार विकास मन्त्रालय | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ११५ | सुरक्षित भवन निर्माण, प्रबलीकरण र मर्मत सम्भारका बारेमा सूचना शिक्षा तथा सञ्चार सामग्रीको विकास गरी प्रसार गर्ने | सुरक्षित निर्माण सम्बन्धी चेतना विकास हुनेछ | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय स्थानीय तह |

### ५.४.५ विपद् पूर्वतयारीका लागि सञ्चार समन्वय तथा सूचना संप्रेसन प्रणालीको सुदृढीकरण

आम सञ्चार र सूचना प्रविधिको विकासलाई विपद् पूर्वसूचना, पूर्वतयारी र प्रतिकार्यमा व्यवस्थित रुपमा प्रयोग गर्ने संयन्त्र र विधिको विकास गरी विभिन्न माध्यमहरु मार्फत विपद् सूचनामा जोखिममा रहेका समुदायको पहुँच बढाउन आवश्यक छ । जसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ११६ | प्रत्येक वडामा विपद् तथा जलवायु सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्ने | विपद् तथा जलवायु जोखिमबारे समुदाय सुसुचित भएको हुनेछन् | मध्यकालीन | गाउँपालिका नगरपालिका | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ११७ | आमसञ्चार, स्थानीय र आधुनिक सूचना प्रविधिलाई विपद् जोखिम सचेतना अभिवृद्धि र पूर्व सूचना प्रणालीसँग व्यवस्थित रुपले जोड्न संस्थागत नीतिगत र कार्यक्रम तहको साझेदारीको विकास गर्ने | विपद् जोखिम जानकारी र पूर्व सूचनामा आधुनिक प्रविधिको प्रयोग भएको हुनेछ | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सञ्चारतथा सूचना प्रविधि संस्था |
| ११८ | प्रदेश र स्थानीय तहमा केन्द्रीय तहसँग समन्वय हुने गरी विपद् जोखिम न्यूनीकरण वेब पोर्टल सञ्चालन गर्ने | विपद् सूचना व्यवस्थित भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गृह मन्त्रालय स्थानीय तह |
| ११९ | विपद् पश्चातको आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत आँकलन प्रणाली विकास गर्ने | विपद् क्षतिको जानकारी तुरुन्त उपलब्ध हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गृह मन्त्रालय स्थानीय तह |
| १२० | सङ्कटासन्न समूह तथा फरक क्षमता भएका, दृष्टिबिहिन, बहिरा तथा निराक्षरको लागि विशेष प्रकारका सञ्चारतथा प्रसार सामग्री, विधि र माध्यमको प्रयोग गर्ने | विपद् सूचनामा समावेसी र सबैको पहुँचमा वृद्धि भएको हुनेछ | निरन्तर | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सामाजिक विकास मन्त्रालय |

### ५.४.६ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको प्रवर्धन

विपद्को समयमा प्रारम्भिक उद्धारकर्ता समुदाय नै हो । यसकारण समुदायमा स्वयंसेवीहरुको समूह निर्माण गरी प्रथम उद्धारक तयार गर्नु पर्दछ । समुदायमा आधारित संस्थाहरुलाई विपद् जोखिमको अवस्था आँकलन तथा स्थानीय जोखिम न्यूनीकरण योजना निर्माणमा सहभागि गराई विपद् सम्बन्धी ज्ञान र सूचना संवाहकको रुपमा विकास गर्नु पर्दछ । सामुदायिक संस्थाहरुको स्थापना, विकास, विस्तार र सञ्जालीकरणले समुदायको क्षमता अभिवृद्धि हुन्छ । समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणलाई प्रवर्धन गर्नका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १२१ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरुको स्थापना, विकास र सञ्चालिकरण गर्ने | स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ | मध्यकालीन | गाउँपालिका, नगरपालिका | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १२२ | स्थानीय तहमा प्रमुख प्रकोपका लागि समुदायमा आधारित पूर्व सूचना प्रणालीको विकास गर्ने | विपद्बाट हुनसक्ने क्षति कम गर्न सहयोग पुगेको हुनेछ | दीर्घकालीन | गाउँपालिका, नगरपालिका | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १२३ | समुदायमा अवकाश प्राप्त सुरक्षाकर्मी, तालिम प्राप्त व्यक्ति, र इच्छुक स्वयंसेवकहरुको प्रथम उद्धारक (First Responder) टोली तयार गरी क्षमता विकास गर्ने | समुदायमा तालिम प्राप्त प्रथम उद्धारक उपलब्ध भएका हुनेछन् | दीर्घकालीन | गाउँपालिका, नगरपालिका | नेपाल रेडक्रस सोसाइटी साझेदार संस्थाहरु |
| १२४ | विपद् जोखिम व्यवस्थापनका काममा समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच सहकार्यको लागि संयन्त्र तयार गर्ने | विपद् जोखिम व्यवस्थापनमा सबै स्थानीय सरोकारवालाहरुको सहभागिता भएको हुनेछ | दीर्घकालीन | गाउँपालिका, नगरपालिका | नेपाल रेडक्रस सोसाइटी साझेदार संस्थाहरु |
| १२५ | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरुका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका र सङ्कटासन्न समुदायको पहुँच प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समावेसी भएको हुनेछ | दीर्घकालीन | गाउँपालिका, नगरपालिका | नेपाल रेडक्रस सोसाइटी साझेदार संस्थाहरु |

# अध्याय छ : रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकरी तथा दक्षतापूर्ण कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरिनेछ :

१. औपचारिक स्रोत बाँडफाँड प्रक्रियाको क्रममा सङ्घीय सरकारबाट अपेक्षित बजेट

क) विषयगत मन्त्रालय वा विभागहरुको नियमित बजेट

ख) विषयगत मन्त्रालय वा विभागहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरु वा कार्यक्रमको लागि विनियोजित बजेट

ग) विपद्का प्रमुख घटनापछि पुनर्लाभ र पुर्नानिर्माणका लागि हरेक विभागबाट प्राप्त हुने बजेट

घ) विपद्का प्रमुख घटनापछि अन्य आयोजनाको बजेटबाट रकमान्तर भएर आउने बजेट

२. प्रदेश सरकारको बार्षिक बजेट

३. प्रदेश विपद् व्यवस्थापन कोष

४. प्रदेश अन्तर्गतका विषयगत मन्त्रालय र क्षेत्रहरुको बजेट तथा कार्यक्रम

५. स्थानीय तहहरुको बजेट तथा कार्यक्रम

६. राष्ट्रिय तथा अन्तर्रास्ट्रिय विकास साझेदार निकाय तथा संस्थाहरुबाट संचालन हुने आयोजना तथा कार्यक्रमबाट प्राप्त सहयोग

७. निजि क्षेत्र व्यावसायिक सामाजिक उत्तरदायित्व (Coorporate Social Responsibility) मार्फत छुट्याउने बजेट तथा सहकार्यमा अन्य स्रोतको पहिचान गरि कार्यक्रमहरुबाट हुन आउने सहयोग

८. निजि संस्थाहरु, उद्योग वाणिज्य महासङ्घ, सहकारी, बैक, वित्तीय संस्था तथा बीमा कम्पनीहरुको लगानी

९. प्रमुख विपद्को घटना अर्थात् आपत्कालीन अवस्थामा अन्तर प्रदेश स्रोत व्यवस्थापन गर्न सकिने ।

# अध्याय सात : नीति तथा रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

## ७.१ नीति तथा रणनीतिक कार्ययोजनाको कार्यान्वयन

१. विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, नियमावली २०७६, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, र यसै रणनीतिक कार्ययोजनामा व्यवस्था भए बमोजिमको आवश्यक संस्थागत संरचना तयार गरिनेछ ।

२. प्रदेश तथा स्थानीय सरकारको आवधिक र वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस नीति र रणनीतिक कार्ययोजनालाई मार्गदर्शकको रुपमा लिइनेछ ।

३. विषयगत मन्त्रालयहरु, सार्वजनिक निकायहरु, विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस रणनीतिक कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिइनेछ ।

४. यस नीति तथा रणनीतिक कार्ययोजनाको कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहमा आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

५. विकास साझेदारहरु (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरु र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ ।

६. निजी तथा व्यावसायिक क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र लगानी परिचालन गरिनेछ ।

## ७.२ अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

१. प्रदेश विपद् व्यवस्थापन परिषद्ले यस नीति तथा रणनीतिक कार्ययोजनाको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

२. यस रणनीतिक कार्ययोजनाको प्रगतिको अनुगमनको लागि अनुगमन ढाँचा तयार गरी विपद् व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरिनेछ र आवधिक समीक्षा गरी प्रगतिको मूल्याङ्कन गरिनेछ ।

३. प्रदेश तहमा भएका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण विवरण वार्षिक रुपमा अद्यावधिक गरी प्रदेश विपद् प्रतिवेदन प्रकाशन गरिनेछ ।

## ७.३ समीक्षा तथा पुनरावलोकन

यस नीति तथा रणनीतिक योजनाको प्रत्येक दुई वर्षमा आवधिक समीक्षा, पाँच वर्षमा मध्यकालीन समीक्षा र अन्त्यमा अन्तिम समीक्षा गरिनेछ भने यस नीति तथा रणनीतिक कार्ययोजनालाई आवश्यकता अनुसार पुनरावलोकन तथा संशोधन गर्न सकिनेछ ।

# सन्दर्भ सामग्रीहरु


- आन्तरिक मामिला तथा कानून मन्त्रालय (२०७६), कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन नियमावली, २०७६: प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुर्खेत ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालय (२०७५), कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यावस्था गर्न बनेको ऐन, २०७५: प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुर्खेत ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालय (२०७६), कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६: प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुर्खेत ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालय (२०७६), विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६: प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुर्खेत ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालय (२०७५), प्रदेश उद्दार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५: प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुर्खेत ।
- आर्थिक मामिला तथा योजना मन्त्रालय (२०७६), आर्थिक बर्ष २०७६/७७ को बजेट बक्तब्य: प्रदेश सरकार, आर्थिक मामिला तथा कानून मन्त्रालय, सुर्खेत ।
- आर्थिक मामिला तथा योजना मन्त्रालय (२०७९), आर्थिक बर्ष २०७९/८० को बजेट बक्तब्य: प्रदेश सरकार, आर्थिक मामिला तथा कानून मन्त्रालय, सुर्खेत ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७६), तथ्याङ्कमा कर्णाली प्रदेश: प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७८), एकिकृत बस्ती विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८: प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७६), कर्णाली प्रदेश सरकारको २०७६/७७ को नीति तथा कार्यक्रम: प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७९), कर्णाली प्रदेश सरकारको २०७९/८० को नीति तथा कार्यक्रम: प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत ।
- गृह मन्त्रालय (२०७६), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६: नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।
- गृह मन्त्रालय (२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ – २०३०: नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।
- गृह मन्त्रालय (२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, काठमाण्डौ: नेपाल सरकार, गृह मन्त्रालय।
- गृह मन्त्रालय (२०७३), गोरखा भूकम्प -२०७२ अनुभव र सिकाई: नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।
- गृह मन्त्रालय (२०७६), राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५): नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।
- नेपाल कानुन आयोग (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४: नेपाल सरकार, नेपाल कानुन आयोग, काठमाण्डौ ।

- राष्ट्रिय योजना आयोग (२०१६), नेपाल दिगो विकास लक्ष्यहरुः वर्तमान अवस्था र भावी मार्गचित्र २०१६ -२०२३: नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाण्डौ ।
- राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौं योजना (२०७६/७७ - २०८०/२०८१) आधार पत्र, काठमाण्डौ: नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।
- वन तथा वातावरण मन्त्रालय (२०७६), राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६: नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, काठमाण्डौ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), राष्ट्रिय शिक्षा नीति, २०७६: नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाण्डौ ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७१), विपद् व्यवस्थापन दिग्दर्शन: नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाण्डौ ।
- संविधान सभा सचिवालय (२०७२), नेपालको संविधान २०७२: संविधान सभा सचिवालय, काठमाण्डौ ।
- Germanwatch (2017). Briefing Paper. Global Climate Risk Index 2017. Germanwatch, Bonn.
- IOM (2017). Taking Sendai Forward. IOM Strategic Work Plan on Disaster Risk Reduction & Resilience 2017 – 2020. International Office for Migration.
- MOE (2010). Climate Change Vulnerability Mapping for Nepal. Government of Nepal, Ministry of Environment, Kathmandu.
- MOHA (2019). National Position Paper on Disaster Risk Reduction and Management. Prepared for the Global Platform on Disaster Risk Reduction, May, 2019. Geneva, Switzerland.
- MOHA (2017). National Disaster Report 2017. Government of Nepal, Ministry of Home Affairs, Kathmandu.
- MOHA (2015). National Disaster Report 2015. Government of Nepal, Ministry of Home Affairs, Kathmandu.
- NPC (2015). Nepal Earthquake 2015. Post Disaster Need Assessment. Vol. A: Key Findings. Government of Nepal, National Planning Commission, Kathmandu.
- NPC (2015). Nepal Flood 2017. Post Flood Recovery Need Assessment. Government of Nepal, National Planning Commission, Kathmandu.
- NPC (2018). Nepal Multidimentional Poverty Index 2018. Government of Nepal, National Planning Commission, Kathmandu.
- UNDP (2004). Reducing Disaster Risk: A Challenge for Development, A Global Report, United Nations Development Program.
- UNDP (2017). Developing National Disaster Risk Reduction Policy and Strategic Action Plan in Nepal: 2016 – 2030. Lesson Learned from Recent Major Disasters in Nepal. United Nations Development Program/Comprehensive Disaster Risk Management Program, Kathmandu.

- UN (2015). Sendai Framework for Disaster Risk Reduction 2015-2030. United Nations...
- UN (2016). Report on the Open-Ended Intergovernmental Expert Working Group on Indicators and Terminology Relating to Disaster Risk Reduction. United Nations...
- UN (2015). Peris Agreement. United Nations...
- UN (2016). New Urban Agenda. United Nations...
- UN – ESCAP (2019). The Disaster Riskscape across Asia Pacific. Asia Pacific Disaster Report 2019. United Nations Economic and Social Commission for Asia and Pacific.
- UN (2015). Sendai Framework for Disaster Risk Reduction 2015-2030. United Nations...
- UNISDR (2017). Technical Guideline for Monitoring and Reporting on Progress in Achieving the Global Target of the Sendai Framework for Disaster Risk Reduction. The United Nations Office for Disaster Risk Reduction.
- UNISDR (2015). Disaster Risk Reduction and resilience in the 2030 Agenda for Sustainable Development. The United Nations Office for Disaster Risk Reduction.
- UNISDR (2019) Global Assessment Report on Disaster Risk Reduction 2019. The United Nations Office for Disaster Risk Reduction.
- Wester, P. Mishra, A. Mukherji, A. Shrestha A.B., (2019) the Hindukush Himalaya Assessment, Mountains, Climate Change, Sustainability and People. International Centre for Integrated Mountain Development, Kathmandu.

# अनुसुची १: शब्दावली

- अत्यावश्यक सुविधाहरु (Critical Facilities) – सामान्य तथा आपत्कालीन दुवै अवस्थामा जीवन सञ्चालनका लागि नभई नहुने आधारभूत संरचना, सुविधा तथा पद्धति । जस अन्तर्गत सडक, यातायात प्रणाली, विमानस्थल, विद्त आपूर्ति, खानेपानी, स्वास्थ्य सेवा, सञ्चारसुविधा, बारुणयन्त्र, प्रहरी आदि पर्दछन् ।
- अनुकुलन (Adaptation) – जलवायु परिवर्तन वा त्यसको प्रत्यक्ष प्रभावका कारण उत्पन्न परिस्थितिसँग हुने समायोजन । यस्तो समायोजनले हानी नोक्सानी कम गर्न र प्राप्त अवसरहरुलाई आफ्नो हितमा प्रयोग गर्न मद्धत पुऱ्याउँछ ।
- अल्पीकरण (Mitigation) – प्रकोप तथा तत्जन्य विपद्को प्रतिकूल असरलाई कम गर्ने वा सिमित तुल्याउने कार्यविधि वा उपाय ।
- आपत्कालीन सेवाहरु (Emergency Services) – आपत्कालीन अवस्थामा जनधनको सुरक्षा तथा सेवा प्रदान गर्ने विषेश जिम्मेवारी एवम् उद्देश्यका साथ सकृय र परिचालित विशिष्ट निकाय वा संस्थाहरुको समूह ।
- उत्थानशीलता (Resilience) – प्रकोप सम्मुखतामा रहेका प्रणाली समुदाय वा समाजमा अन्तर्निहित क्षमता जसले प्रकोपका असरहरुलाई समयमा नै प्रभावकारी ढंगले प्रतिरोध वा समायोजन गर्नुका साथै पूर्वावस्थामा फर्कन सामर्थ गराउँछ । यस अन्तर्गत आधारभूत संरचना वा सेवा प्रणालीको संरक्षण एवं पुनर्स्थापना लगायत पर्दछन् ।
- जल तथा मौसम सम्बद्ध प्रकोप (Hydrometerological Hazard) – पृथ्वीको वायुमण्डलीय वा जलीय प्रक्रिया वा परिघटनाका कारण उत्पन्न हुने प्रकोप।
- जलवायु परिवर्तन (Climate Change) – जलवायुको अवस्थामा दशकौं वा सोभन्दा लामो अवधिसम्म कायम हुने वा भैरहने परिवर्तन जसको कारण विश्वव्यापी वायुमण्डलको ढाँचामा बदलाव आउँछ । यस्तो बदलाव तुलनात्मक समयावधिमा जलवायुमा देखिने स्वभाविक परिवर्तनभन्दा भिन्न हुने गर्दछ ।
- जोखिम सुसुचित विकास (Risk Inform Development) – कुनै पनि विकास निर्माण योजनाको कार्यान्वयन गर्दा त्यसबाट बढ्न सक्ने विपद् जोखिमप्रति सचेत भई जोखिम न्यूनीकरणा उपाय सहित गरिने विकासको अभ्यास ।
- जोखिम हिस्सेदारी (Risk Transfer) - जोखिमको वित्तिय पक्षलाई एक पक्षबाट अर्को पक्षमा हस्तान्तरण वा बाँटफाँट गरी सम्भावित क्षतिको भार घटाउने प्रकृया । जीवन तथा सम्पत्तिको बीमा एवम् सामाजिक सुरक्षा मार्फत जोखिम हस्तान्तरण एवम् हिस्सेदारी गर्ने गरिन्छ ।
- जोखिम संवेदनशील भू-उपयोग योजना (Risk Sensetive Land Use Plan) – प्रकोप नक्शाङ्कन, सङ्कटासन्नताको लेखाजोखा तथा बहु-प्रकोप जोखिम नक्शांकनलाई समेत आधार मानेर भूस्वरुप, माटो, भूगर्भ तथा जलवायुको विशेषताका आधारमा तयार गरिने भू-उपयोग योजना जसको कार्यान्वयनले विपद् जोखिम न्यूनीकरणमा सहयोग पुग्दछ ।
- जैविक प्रकोप (Bilogical Hazard) – सुक्ष्म जीवाणु, विषाक्त पदार्थ, सक्रिय जैविक पदार्थसँगको सम्पर्क लगायतका जैविक कारकतत्वहरुका कारण उत्पन्न हुने प्रकोप ।
- दीगो विकास (Sustainable Development) – आर्थिक उन्नति सामाजिक समानता र वातावरण संरक्षण सहित गरिने संतुलित र उत्थानशील विकासको अवधारणा ।
- परिपूरणीय विपद् जोखिम व्यवस्थापन (Compensatory Disaster Risk Management) – जुन जोखिम पूर्ण रुपमा न्यूनीकरण हुने सम्भावना हुँदैन, त्यसका लागि गरिने पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभका लागि गरिने गतिविधिहरु । आकस्मिक कोष व्यवस्थापन, बीमा तथा राहत उद्धारको पूर्वतयारी यसमा पर्दछ ।

- पुनर्लाभ (Recovery) – विपद् प्रभावित समुदायमा आधारभूत सुविधाहरु एवम् जीविकोपार्जनका उपायहरु र माध्यमहरुको संभव भएसम्मको पुनर्स्थापना तथा सुधार । यस अन्तर्गत जोखिमका कारक तत्वहरुको न्यूनीकरणका प्रयासहरु समेटिन्छन् ।
- पूर्व चेतावनी प्रणाली (Early Warning System) – विपद्बाट हुनसक्ने संभावित हानी नोक्सानी एवं क्षति कम गर्न, जोखिम क्षेत्रमा रहेका व्यक्ति समुदाय एवम् संघसंस्थालाई पूर्वतयारीमा रहन र समयमा नै उपयुक्त ढंगले कार्य गर्न आवश्यक पर्ने सूचना / पूर्व चेतावनी दिने प्रणाली ।
- पूर्वतयारी (Preparedness) – संभावित सन्निकट वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असरहरुको प्रभावकारी ढंगले पूर्वानुमान गरी, व्यवस्थित प्रतिकार्य र पुनर्लाभका लागि गरिने तयारी ।
- पूर्वानुमान (Forecast) – कुनै निश्चित क्षेत्रमा निकट भविष्यमा प्रकोपको घटना घट्न सक्छ वा त्यस्ता घटना हुन सक्ने अवस्था छ भनी व्यक्त गरिएको तथ्यमा आधारित अनुमान ।
- प्रकोप (Hazard) – विषम प्राकृतिक परिघटना, तत्व, मानव क्रियाकलाप वा परिस्थिति जसले जनधनको नोक्सानी घइते हुने सम्भावना वा अन्य स्वास्थ्य सम्बन्धी असरहरु, जीविकोपमर्जन तथा सेवाहरुमा हानी र व्यवधान, सामाजिक तथा आर्थिक गतिरोध वा वातावरणीय ह्रास समेत निम्त्याउँछ ।
- प्रबलीकरण (Retrofitting) – विद्यमान संरचनालाई प्रकोपका घातक असरहरु प्रतिरोध गर्न सक्ने वा तीप्रति उत्थानशील रहन सक्ने बनाउने ध्ययले अवलम्बन गरिने सबलीकरण वा गुणस्तरोन्नति ।
- प्रविधिगत तथा मानवजन्य प्रकोप (Technological and Human Induced Hazard) – प्राविधिक तथा औद्योगिक कारणबाट सृजित प्रकोप । सडक दुर्घटना, हवाई दुर्घटना, औद्योगिक दुर्घटना, संरचना कोल्याप्स, आगलागी आदि यसमा पर्दछन् ।
- बहु-प्रकोप जोखिम लेखाजोखा (Multi Hazard Risk Assessment) - स्वीकर्य वैज्ञानिक तथा सहभागितामूलक पद्धतिद्धारा गरिने कुनै पनि भौगोलिक वा प्रसाशनिक एकाइको बहु-प्रकोपको मापन, सम्मुखता तथा जोखिमको लेखाजोखा ।
- भवन निर्माण संहिता (Building Code) – बलियो र सुरक्षित भवन/संरचना निर्माणका लागि आवश्यक पर्ने डिजाइन, निर्माण पद्धति, निर्माण सामग्री, मर्मत संभार परिमार्जन तथा भोगचलन जस्ता पक्षहरुको नियमन र नियन्त्रणका निम्ति जारी गरिएका नियम, विनियम तथा सम्बद्ध मापदण्डहरु ।
- भू-उपयोग योजना (Land-use Planning) – जमिनको भिरालोपना, माटोको विशेषता तथा भौगर्भिक र जलवायुको अवस्थाका आधारमा भूमिको उपयुक्त किसिमले उपयोगको लागि तयार गरिने योजना । जसले विपद् तथा वातावरणीय जोखिमलाई न्यूनीकरण गर्न सहयोग गर्दछ ।
- भौगर्भिक प्रकोप (Geological Hazard) – भौगर्भिक प्रकृया वा घटनाहरुका कारण उत्पन्न हुने प्रकोप । जस्तैः भूकम्प, ज्वालामुखी, पहिरो ।
- विपद् (Disaster) – समाज वा समुदायले आफ्नै स्रोत साधन र सामर्थ्यको प्रयोग गरी धान्न नसक्ने गरी भएको त्यस्तो व्यापक मानवीय, भौतिक, आर्थिक वा वातावरणीय क्षति एवम् असरहरु जसका कारण समुदायको सामान्य जीवन पद्दति अवरुद्ध हुन पुग्छ ।
- विपद् जोखिम (Disaster Risk) – कुनै खास समुदाय अथवा समाजमा भावी समयमा हुन सक्ने जनधन, जीविकोपार्जन, स्वस्थ्य लगायत अन्य सेवामा विपद्बाट हुनसक्ने सम्भाब्य क्षति ।
- विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction) – प्रकोप सम्मुखता र जनधनको सङ्कटासन्नता न्यूनीकरण, भूमी

तथा वातावरणको बुद्धिमतापूर्ण व्यवस्थापन, प्रतिकूल अवस्थाका लागि सुदृढ पूर्वतयारी लगायतका व्यवस्थित प्रयत्नद्धारा विपद् जोखिम घटाउने अवधारणा एवम् अभ्यास ।

- विपद् जोखिम व्यवस्थापन (Disaster Risk Management) – प्रकोपका प्रतिकुल असरहरु एवम् विपद्को सम्भावनालाई कम गर्ने ध्ययका साथ तय गरिएका रणनीति, नीति तथा सामना क्षमता अभिवृद्धिका कार्यहरुको कार्यान्वयनका लागि आवश्यक प्रसासनिक निर्देशन सांगठनिक संरचना एवं व्यवहारिक सीप तथा क्षमताहरुको प्रयोग गर्ने व्यवस्थित प्रक्रिया ।
- सम्भाव्य विपद् जोखिम व्यवस्थापन (Prospective Disaster Risk Management) – भविष्यमा हुनसक्ने सम्भावित विपद् जोखिमलाई उपयुक्त नीति तथा योजनाको कार्यान्वयन मार्फत गरिने न्यूनीकरण । भू-उपयोग योजना तयार गरी लागू गर्नु भवन संहिता लागू गर्नु आदि ।
- सम्मुखता (Exposure) – प्रकोप प्रभाव क्षेत्रमा अवस्थित भएका कारण सम्भाव्य क्षति बेहोर्ने अवस्थामा रहेका मानिस, संरचना या अन्य तत्वहरु ।
- सुधारात्मक विपद् जोखिम व्यवस्थापन (Corrective Disaster Risk Management) - विद्यमान विपद् जोखिमको सम्बोधन गर्ने र तिनको सुधार तथा न्यूनीकरणका लागि गरिने गतिविधिहरु । भवनको प्रबलीकरण जोखिममा रहेको वस्ती स्थानान्तरण आदि यसमा पर्दछन् ।
- सङ्कटासन्नता (Vulnerability) – कुनै समुदाय कार्यप्रणाली वा सम्पत्तिमाथि प्रकोपका असरहरु प्रत्यक्ष पर्न सक्ने अवस्था वा परिवेश ।
- क्षमता (Capacity) – व्यक्ति, परिवार वा समुदायमा हुने ज्ञान, सीप, दक्षता, स्रोत, साधन, यन्त्र, उपकरण, जनशक्ति, योजना, जसले विपद्को न्यूनीकरण, पूर्वतयारी, विपद्को सामना वा विपद् पश्चातको पुनर्स्थापनाको लागि सहयोग पुग्दछ ।

**प्रकाशन**

कर्णाली प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

०८३ - ५२५७५०, ५२३०४५

http://moial.karnali.gov.np

moialkarnali@gmail.com